# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## वैतेश्वर गाउँपालिका
## दोलखा

आर्थिक वर्ष २०७९/८०






महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## वैतेश्वर गाउँपालिका
## दोलखा

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## वैतेश्वर गाउँपालिका

## दोलखा

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि
## (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
## (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
## (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ । यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष पालिकाको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कानुन निर्माण र न्याय सम्पादन, बजेट अनुशासन, आन्तरिक आय, वर्षान्तको खर्च, स्वीकृत कर्मचारी दरबन्दी र पदपूर्ति, सेवा प्रवाह, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन प्रणाली, सहकारी संस्थाहरुको नियमन र व्यवस्थापन, सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरका अलवा पालिकाले गरेको चालु तथा पूँजीगत खर्चसँग सम्बन्धित उल्लेख्य विषयहरु समावेश गरी सो उपर राय सहितको व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा समावेश गरिएको छ । अतः लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्न चाहन्छु ।

**(तोयम राया)**

**२०८१, जेष्ठ** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**

**अनामनगर, बबरमहल, काठमाडौं, नेपाल**

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**

बाग्मती प्रदेश

**मितिः** २०८१।०२।११

प.सं. २०८०।८१

च.नं. १२९

विषयः <u>लेखापरीक्षण प्रतिवेदन ।</u>

श्री अध्यक्ष ज्यू ,

वैतेश्वर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

दोलखा ।

१. **कैफियत सहितको राय** — हामीले वैतेश्वर गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू. ३ करोड ९ लाख ९५ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु.१ करोड ६७ लाख ५७ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.१६ लाख ५३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.४० लाख ६६ हजार, नियमित गर्नुपर्ने रु. ६ लाख १९ हजार र पेश्की बाँकी रु.७९ लाख  हजार समेत रु.१ करोड ४२ लाख ३८ हजार रहेको छ । वैतेश्वर गाउँपालिकाको गतवर्ष सम्म रु.१६ करोड ८९ लाख ५७ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.१८ करोड १२ लाख २९ हजार रहेको छ । यस पालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने वैतेश्वर गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी वैतेश्वर गाउँ पालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(शंकर प्रसाद पन्थी)

**नायब महालेखापरीक्षक**

# वैतेश्वर गाउँपालिका,

## दोलखा जिल्ला,

### १. चालु वर्ष २०७९।८० को बेरुजु

बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ८१ | ११५ | ३०९९५ | ० | ९५ | १६७५७ | ८१ | २० | १४२३८ | १६५३ | ६१९ | ४०६६ | ० | ० | ४६८५ | ७९०० |

### २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| दोलखा | १६८९५७ | ० | १९६६ | १६६९९१ | ० | १४२३८ | १८१२२९ |

### ३. बेरुजु सम्परीक्षणको विवरण

(रु. हजारमा)

| क्र. सं | आर्थिक वर्ष | छोटकरी व्यहोरा | | | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|---|
| | | दफा | व्यहोरा | रकम | |
| | २०७९।८० (चालु वर्षको) | २६ | एज विल्ड ड्रईङ पेश नभएको सम्बन्धमा | २२०००० | |
| | | २७ | वडाध्यक्ष मार्फत कार्य गरेकोले अनियमित | ६००००० | |
| | | ३०.२ | वेस कोर्सको लम्बाई भन्दा बढी लम्बाईमा पिच गरेको रकम असुल गर्नुपर्ने | १५९१२० | |
| | | ३१.२ | बेस कोर्स गरी छाडेकोले अनियमित देखिएको | १०१७५० | |
| | | ३२.२ | बेस कोर्स तथा प्राईम/ट्र्याक कोट गरी छोडेकोले अनियमित देखिएको | ४८६२० | |
| | | ३३ | बेस कोर्स गरी छाडेकोले अनियमित देखिएको | २२३३०० | |
| | | ४१ | कार्यालय भवन तथा अन्य कार्य उ.स. | ९८८००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | बाट गराएकोले अनियमित देखिएको | | |
| | | ५२ | दोहोरो भत्ता असुल गरी दाखिला | ६३०० | |
| | | ५४ | घरभाडा भुक्तानी गरेकोले अनियमित | २३७६०० | |
| | | ५५ | नाम तोकेर अनुदान वितरण | १९२००० | |
| | | ५९(घ) | दरबन्दी भन्दा बढी पदपूर्ति गरेकोले अनियमित देखिएको | २३६८९४४ | |
| | | ६४ | शीर्षक फरक पारी खर्च | ७३९८३० | |
| | | ६८ | वडाध्यक्ष मार्फत कार्य सञ्चालन | १०९३४६४ | |
| | | ६९ | पदाधिकारी दोहोरो सुविधा असुली | ९६००० | |
| | | ७० | स्वीकृत दर भन्दा बढी भुक्तानी | ८७७० | |
| | | ७७ | नि:शुल्क पाठ्यपुस्तक वितरण | ३८२१३१ | |
| | | ८३ | कार्य सम्पादनमा आधारित अनुदान वितरण | २९३९१७० | |
| | | ८७ | अनुदान रकमबाट महंगी भत्ता वितरणले अनियमित देखिएको | २१६००० | |
| | | ८८ | भरपाई पेश नभएको | २५६००० | |
| | | ८९ | भरपाई पेश नभएको | २८००००० | |
| | | ९० | बढी निकासा असुली | ६५४२७३.७ | |
| | | ९२ | भरपाई पेश नभएको | १७२९६४० | |
| | | ९५ | गोपी जोरमाने सडक स्तरोन्नती | ८२३७०० | |
| | | ९९(ख) | असम्बन्धित व्यक्तिलाई सहभागी भत्ता | ६४३१७ | |
| | | १०१ | सोधभर्ना लिनुपर्ने | ४२८३३९ | |
| | | १०३ | बाखा खरिद अनुदान | ९००००० | |
| | | १०४ | एफ.एम. रेडियो सञ्चालन सम्बन्धमा | १०००००० | |
| | | **जम्मा** | | **१६७५७२६९** | |
| | **चालु वर्षको जम्मा** | | | | **१६७५७** |
| | **गत विगत वर्षतर्फको** | | | | |

| | | | |
|---|---|---|---|
| | **२०७८।७९** | विभिन्न दफा संपरीक्षण भई बेरुजु फस्योंट भएको | १९४९ |
| | | | |
| | | | |
| | **२०७७।७८** | विभिन्न दफा संपरीक्षण भई बेरुजु फस्योंट भएको | १७ |
| | **गत विगतको जम्मा** | | १९६६ |
| | **कुल जम्मा** | | **१८७२३** |

**पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।**

१ **परिचय**

**(क) कार्यालय परिचय -** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । कुल क्षेत्रफल ८०.४१ वर्ग किलोमिटर रहेको यस गाउँपालिकाको वडा संख्या ८ सभा सदस्य संख्या ४५ तथा जनसंख्या १७८९६ रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५।२७ देखि २०८०।५।३० सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु. १६८१४०५१, राजस्व बाँडफाँड रु. ८४१५५०८७.४४ अनुदानबाट रु.४१६६४८७२९ अन्य आय रु. ५२८१३६३

समेत रु ५७९३५३७९४.१९ आम्दानी भएकोमा चालु तर्फ रु ३३,७६,९०,४१७ र पूँजीगत तर्फ रु.१८,८८,५८,६३८ ।- समेत रु.५३३६०७३९२.५ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

### २ आय-व्यय स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनमा भएका आय-व्यय हिसाबको आर्थिक वर्ष २०७८।७९ को कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ।

**(विस्तृत विवरण अनुसूची ३ मा संलग्न छ ।)**

### ३ वित्तीय प्रतिवेदन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा देहायका व्यहोरा देखिएको छः

### ३.१ वित्तीय विवरणको यथार्थता

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको लागि महालेखा नियन्त्रक कार्यालयबाट लागू गरिएको स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्नेमा नगरपालिकाले सामाजिक सुरक्षातर्फको रु. १२,०४,६३,७१० , गरिबसँग विश्वेश्वर कार्यक्रम तर्फको रु. ४,६३,०००- तथा एकीकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रम रु. १,१८,९१,३५१ समेत गरी रु.१४,०८,१८,०६१ SuTRA प्रणालीमा लेखाङ्कन गरेको पाइएन । जसले गर्दा SuTRA बाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार SuTRA मार्फत् हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

### ३.२ फरक हिसाब

यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु. ३६६९९३८१, यस वर्षको प्राप्ति रु. ५२२८९९२३०.४४ र यस वर्षको भुक्तानी रु. ५३३६०७३९२.४५ रहेकोमा गत वर्षको जिम्मेवारी र यस वर्षको प्राप्तिमा देहायअनुसार फरक परेको छ । SuTRA मा नगरपालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समावेश

गरी म.ले.प.फा.नं.२७२ ले समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| SuTRA अनुसारकोवार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७) | ३६६९९३८१ | ५२२८९९२३०.४४ | ५३३६०७३९२.४५ | २६६३२२९७.५४ |
| एकीकृत आर्थिक विवरणअनुसार | २१४५०९३९ | ५३७७१५२९३ | ५३१८३८४११ | २७३२७८२१ |
| **फरक** | १५२४८४४२ | १४८१६०६२.५६ | १७६८९८१.४५ | ६९५५२३.४६ |

## ३.३ फरक जिम्मेवारी

पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु. २,१४,५०,९३९ मौज्दात रहेकोमा यो वर्ष रु. ३६६९९३८१।- जिम्मेवारी सारेको पाइयो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. १५२४८४४२ बढी जिम्मेवारी सारेको देखिएको छ । यस सम्बन्धमा यकिन गरी हिसाब मिलान हुनुपर्दछ ।

## ३.४ कर दायित्व

पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा अग्रिम कट्टी गरेको कर दायित्व रु.९२०,५८३ देखिएको छ । यकिन भइसकेको कर दायित्व लेखापरीक्षण अवधि (२०८० भाद्र मसान्त) सम्म पनि दाखिला गरेको नपाइएकोले उक्त रकम सम्बन्धित राजस्वा खातामा दाखिला गर्नुपर्ने रु.

| क्रम | कर्मचारीको/फर्म/संगठन नाम | असुली रकम |
|---|---|---|
| ३.४.१ | बैतेश्वर गाउँपालिका | ९,२०,५८३ |
| | असुल गर्नुपर्ने | ९,२०,५८३ |

## ४ बजेट तथा कार्यक्रम तर्जुमा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

## ५ बजेट सीमा निर्धारण समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको पाइएन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

## ६ बजेट विनियोजन

आर्थिक वर्ष २०७९।८० को पालिकाको कुल बजेट मध्ये चालु र पूँजीगत बजेट देहाए बमोजिम विनियोजन गरेको छ ।

**(रु हजारमा)**

| कुल बजेट | चालु बजेट रु. | प्रतिशत | पूँजीगत बजेट रु. | प्रतिशत |
|---|---|---|---|---|
| ५९६९०४ | ३७९३६१ | ६३.५५ | २१७५४३ | ३६.४४ |

उक्त विवरण अनुसार पालिकाको यस आर्थिक वर्षमा कुल रु ५९६९०४००० बजेट विनियोजन भएकोमा चालु तर्फ रु. ३७९३६१००० (६३.५५ प्रतिशत) र पूँजीगत तर्फ रु २१७५४३००० (३६.४४ प्रतिशत) बजेट विनियोजन भएको छ ।

## ७ बजेट पेश, पारित र अख्तियारी

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुखले मिति २०७९।०३।१० गते रु. ५९ करोड ६९ लाख ४ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७९।०३।२५ मा नै पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।०३।३१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

## ८ आन्तरिक लेखापरीक्षण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । यस स्थानीय तहले अन्तरसरकारी

अख्तियारी बाहेकको आन्तरिक लेखापरीक्षण गराएको पाइएन । सबै कारोबार तथा वित्तीय विवरणको नियमित तथा आवधिक रुपमा आन्तरिक लेखापरीक्षण हुनुपर्दछ ।

## ९ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाइएन । जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी रहेको सम्बन्धमा यकिन गर्न सम्ने अवस्था देखिँदैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम छन्ः

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्यांक संकलन, अभिलेखांकन गरेको भए पनि आवधिक रुपमा अद्यावधिक गरेको पाइएन ।
- पालिकाले २०७९।८० को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको वार्षिक प्रतिवेदन अनुसूची २११ बमोजिम ढाँचामा तयार गरेको पाइएन ।
- स्थानीय राजस्व व्यवस्थापन प्रणाली प्रयोगमा आए तापनि पूर्णरुपमा कार्यान्वयनमा आउन सकेको देखिएन ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन ।
- स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको विश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।
- दिगो विकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालीन लक्ष्यहरु तोकी मूल्याङ्कन गर्ने कार्य भएको देखिएन ।
- जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाइएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन।
- स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू-जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा यस स्थानीय तहले जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागू गरेको देखिएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा केही योजना हस्तान्तरण गरेको पाइएन भने सहितको सार्वजनिक सुनुवाइ र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाइएन ।
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक बडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाइएन ।
- बजेट तथा वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेकोले पालिकाको बजेट, शशर्त तथा विषयगत अनुदानको कार्यक्रम कार्यान्वयनमा आए नआएको र कार्यक्रम अनुसारको प्रगति भए नभएको सम्बधमा यकिन गर्न सकिएन।

- निजामती सेवा ऐन, २०४९ को दफा ५ क बमोजिम कर्मचारीहरुको कार्य विवरण बनाई लागू गरेको पाइएन ।
- पालिकामा कार्यरत स्थायी दरबन्दीमा रहेका कर्मचारीहरुको तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नुपर्नेमा तलबी प्रतिवेदन पारित गराएको देखिएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा उपभोक्ता समितिबाट भएका निर्माण कार्य सम्पन्न गरिसकेपछि सार्वजनिक निकायले भौतिक संरचना लगायत विभिन्न विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाले विगत वर्षदेखि भएको कार्यको लगत नराखेको कारण एकै योजनालाई एक भन्दा वढी वर्षमा बजेट विनियोजन हुन सक्ने देखिएको,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ अनुसार कामलाई व्यवस्थित गर्न लेखा समिति, सुशासन समिति लगायतका समिति तथा विशेष समिति गठन गर्न सक्ने उल्लेख भएकोमा सुशासन समिति गठन नभएको कारण संस्थागत सुशासनको स्थिति मूल्याङ्कन गर्न सक्ने स्थिति नभएको,
- सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा ४ मा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले आगामी आर्थीक वर्षमा पनि भत्ता लिन चाहेमा प्रत्येक आ.व.को कार्तिक मसान्त भित्र अनुसूची २ को ढाँचामा सम्बन्धित वडा कार्यालयमा दरखास्त दिनुपर्ने व्यवस्था भएकोमा सो को पालना नभएको,
- सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा २७ मा सामाजिक सुरक्षा कार्यक्रमको नियमित अनुगमन, मूल्याङ्कन तथा सुपरीवेक्षण गर्न स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गर्नुपर्ने व्यवस्थाभएकोमा उक्त समिति गठन नगरेको तथा अनुगमन मूल्याङ्कनको कार्य नभएको,
- सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा ३१ (क) मा भत्ता प्राप्त गर्नेहरुको विवरण स्थानीय सभामा पेश गर्नुपर्ने र खर्चको समिक्षा समेत गर्नुपर्ने भन्ने व्यवस्था रहेकोमा कार्यालयले लाभग्राहीहरुको विवरण सभामा पेश गरेको नगरेको,
- सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा ३२ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम/नामेसी स्थानीय तहको वेवसाइटमा राख्नुपर्ने तथा वडा कार्यालयहरुमा समेत सार्वजनिक गरी राख्नु पर्ने व्यवस्था रहेकोमा कार्यालयले उक्त कार्यविधिको पालना गरेको नगरेको,
- सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा ३४ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा सो को पालना नभएको,
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको नदेखिएको,
- वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची बमोजिम सडकहरु निर्माण, १०० मीटरसम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नति लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु. ५ लाख सम्म जरिवाना हुने

व्यवस्था भएकोमा स्थानीय तह आफैंले पालना नगरेको तथा पालना गराएको सम्वन्धी अभिलेख नरहेको,

- स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सो को अभिलेख नराखेको,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ मा स्थानीय तहले नक्सा पास गर्नुपर्ने उल्लेख छ र नक्सापास नगराई भवन निर्माण गर्न नहुने उल्लेख भएकोमा न्यून मात्रामा मात्र नक्सा पास भएको तथा अनुगमन कमजोर रहेको,

अतः आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा तथा लागू गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

## १० अनुदान फिर्ता

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५(१) मा संघीय सञ्चित कोषबाट प्रदेश तथा स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकममध्ये सम्बन्धीत आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहेको सशर्त, समपूरक र विशेष अनुदानको रकम सोही आर्थिक वर्षभित्र सम्बन्धित प्रदेश तथा स्थानीय तहले संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस आर्थिक वर्षमा संघीय सरकार र प्रदेश सरकारमा फिर्ता गर्नुपर्ने रकम २०७९ असार मसान्तमा फिर्ता गरेको छ । खर्च नभई बाँकी रकम संघीय सञ्चित कोषमा रु. १४८७१२७३.३३ र प्रदेश सञ्चित कोषमा रु. १३३५१७१- गरी जम्मा रु. १६२०६४४४.३३ फिर्ता गरेको पाइयो ।

## ११ खर्च विश्लेषण

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु. १६८१४०५१, राजस्व बाँडफाँड रु. ८४१५५०८७.४४ अनुदानबाट रु.४१६६४८७२९ अन्य आय रु. ५२८१३६३ समेत रु ५७९३५३७९४.१९ आम्दानी भएकोमा चालु तर्फ रु ३३,७६,९०,४१७ र पूँजीगत तर्फ रु.१८,८८,५८,६३८ ।- समेत रु.५३३६०७३९२.५ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ३.१५ प्रतिशत रहेको छ । यस वर्ष पदाधिकारी सुविधामा रु. ६२,६५,४०५।- खर्च भएको छ जुन आन्तरिक आयको ३७.२६ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५८.२६ प्रतिशत चालु र ३२.५९ प्रतिशत पूँजिगत खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

## १२ बजेट तथा पूँजीगत खर्च

गाउँपालिकाको यस आर्थिक वर्षको बजेट र पूँजीगत खर्चको अवस्था देहाय बमोजिम रहेको छः-

| आर्थिक वर्ष | स्वीकृत बजेट | पूँजीगत खर्च | बजेटको तुलनामा पूँजीगत खर्चको प्रतिशत |
|---|---|---|---|
| २०७९/८० | २१७५४३००० | १८८८५८६३८.०० | ८६.८१ |

पालिकाले यस वर्ष पूँजीगत तर्फ रु २१,७५,४३,००० विनियोजन गरेकोमा रु १८,८८,५८,६३८.०० खर्च गरेको छ जुन ८६.८१ प्रतिशत मात्र हुन आउँछ ।

## १३ बजेट तथा चालु खर्च

गाउँपालिकाको यस आर्थिक वर्षको बजेट र चालु खर्चको अवस्था देहाय बमोजिम रहेको छः-

| आर्थिक वर्ष | स्वीकृत बजेट | चालु खर्च | बजेटको तुलनामा चालु खर्चको प्रतिशत |
|---|---|---|---|
| २०७९/८० | ३७९३६११०५.२५ | ३३७६९०४१७.०० | ८९.०१ |

पालिकाले यस वर्ष चालु तर्फ रु ३७,९३,६१,१०५.२५ विनियोजन गरेकोमा रु ३३,७६,९०,४१७.०० खर्च गरेको छ जुन ८९.०१ प्रतिशत हुन आउँछ ।

## १४ त्रैमासिक पूँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

**(विस्तृत विवरण अनुसूची ४ मा संलग्न छ ।)**

## १५ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| मुख्य क्षेत्र | वार्षिक बजेट | खर्च रकम | कुल खर्चको प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ४,१९,०६,७२०।- | ३,१३,५४,०८३।- | ६.०७ |
| सामाजिक क्षेत्र | २६,९३,७५,०००।- | २५,१५,१०,६८९।- | ४८.६६ |
| पूर्वाधार विकास क्षेत्र | १४,०३,८४,०००।- | १२,२५,४५,९३१।- | २३.७० |
| सुशासन तथा अन्तर्सम्बन्धित क्षेत्र | १,८७,४५,२८०।- | ७४,८७,४२०।- | १.४४ |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | १२,६४,९३,१०५।- | १०,४०,३०,५०७।- | २०.१३ |
| **जम्मा** | **५९,६९,०४,१०५।-** | **५१,६९,२८,६३०।-** | **१००** |

उपर्युक्त विवरण अनुसार कुल खर्चमध्ये सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी ४८.६६ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबै भन्दा घटी १.४४ प्रतिशत खर्च भएको पाइयो ।

## १६ आन्तरिक आय र खर्चको अनुपात

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा आन्तरिक आय र खर्चको अनुपात स्थिति देहाय बमोजिम छः-

| जम्मा आन्तरिक आय | पालिकाको जम्मा खर्च | आयको तुलनामा खर्च |
|---|---|---|

| | | |
|---|---|---|
| १,८७,००,०००।- | ५२,६५,४९,०५५।- | २७.१६ प्रतिशत |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ३.५५ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

### १७ . आय अनुमान

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आर्थिक वर्ष २०७९।८० को आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत रु.१,८७,००,०००। - प्राप्त हुने प्रक्षेपण रहेकोमा रु. १,९६,५४,६३२। अर्थात् अनुमान भन्दा ५.१० प्रतिशत बढी आय प्राप्त गरेको पाइयो । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन वृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

### १८ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

### १९ पेश्की बाँकी

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ मा आपूर्तिकर्ता निर्माण व्यवसायी तथा सेवा प्रदायकलाई पेश्की प्रदान गर्ने तथा फछर्यौट गर्ने सम्बन्धी व्यवस्था छ । कार्यालयले देहायका निर्माण व्यवसायीलाई प्रदान गरेको पेश्कीमध्ये देहाय अनुसार म्याद नाघेको पेश्की बाँकी देखिएकाले नियमानुसार फछर्यौट हुनुपर्ने रु.

| बजेट उप-शीर्षक | पेश्कीको विवरण | फर्छयौटको अन्तिम म्याद | निर्माण व्यवसायीको नाम | म्याद ननाघेको पेश्की रु. | म्याद नाघेको पेश्की रु. |
|---|---|---|---|---|---|
| ३७०००११६४ | एकीकृत स्वास्थ्य पूर्वधार विकास कार्यक्रम मा | २०७९।३।२३ | एम.के.वि.सी/एस.एन.एस.पि.एल. जे.भी | ० | ७९०००००।- |

| पेश्की | ७९,००,००० |
|---|---|

## २० आवधिक योजना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको पाइएन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

## २१ सोझै खरिद

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ बमोजिम रु. १० लाखभन्दा बढीको खरिद कार्य सिलबन्दी दरभाउपत्रको माध्यमबाट, नियम ८४ बमोजिम रु. २० लाखसम्मको खरिद कार्य सिलबन्दी दरभाउपत्रबाट र नियम ३१ बमोजिम सोभन्दा बढीको खरिद गर्दा बोलपत्रको माध्यमवाट गर्नुपर्ने व्यवस्था छ । कार्यालयले मेशिन औजार, फर्निचर तथा अन्य मालसामान पटक पटक गरी सोझै खरिद गर्ने गरेको पाइयो । कार्यलयलाई वर्षभरि आवश्यक पर्ने त्यस्ता मालसामानको परिमाण निर्धारण गरी प्याकेज बनाएर प्रतिस्पर्धात्मक विधिबाट खरिद गर्नुपर्नेमा सो अनुसार गरेको नदेखिएको साथै आर्थिक वर्षभरिमा एउटा फर्मबाट एक पटक मात्र खरिद गर्न सकिनेमा एक पटकभन्दा बढी समेत गरेको पाइयो । अतः यससम्बन्धमा सुधार गरी खरिद कारोबार गर्दा सार्वजनिक खरिद नियमावली बमोजिम गर्नुपर्दछ । उस्तै प्रकारका मालसामान प्याकेज बनाई सिलबन्दी दरभाउपत्र वा बोलपत्रबाट गर्नुपर्नेमा विभिन्न मितिमा तथा एउटा फर्मबाट एक पटक भन्दा बढी समेत सोझै खरिद गरेको नियमसम्मत देखिएन । यसका केही उदाहरण देहायबमोजिम छन्-

| भौ.नं. | विवरण | फर्मको नाम | भुक्तानी रकम रु. |
|---|---|---|---|
| गा. पा. पूँजीगततर्फ | | | |
| १२, १३ | फर्निचर तथा फर्निसिङ्ग सामान | सन्दिप इण्टरनेशनल ट्रेड एण्ड सप्लायर्स, भक्तपुर | ८९५६७ |
| १४ | फर्निचर तथा फर्निसिङ्ग सामान | ओजस इण्टरनेशनल ट्रेड एण्ड सप्लायर्स, भक्तपुर | १२३३९६ |
| १६ | फर्निचर तथा फर्निसिङ्ग सामान | वैशाखेश्वरी सःमिल तथा भेनियर पाता उद्योग | ६८७९५ |
| २४० | फर्निचर तथा फर्निसिङ्ग सामान | आर. के. हार्डवेयर, मैनापोखरी | १३९१९९ |
| 320 | फर्निचर तथा फर्निसिङ्ग सामान | आर्यन एण्ड अग्रिम सप्लायर्स, चरिकोट | ९१५३० |

| | | | |
|---|---|---|---|
| 336 | फर्निचर तथा फर्निसिङ्ग सामान | त्रिशूल इण्टरनेशनल प्रा.लि. भक्तपुर | ४२२६२० |
| ३३७ | मे. औ. (कम्प्युटर तथा प्रिण्टर) | बी. एण्ड बी. ट्रेड सेण्टर, चरिकोट | १२३१७० |
| 357 | फर्निचर तथा फर्निसिङ्ग सामान | आर. वाई. ट्रेडर्स, काठमाडौं | ३७६७४२ |
| 358 | मे. औ. (कम्प्युटर तथा प्रिण्टर) | अजिमा कम्प्युटर सेल्स एण्ड सर्विस, भक्तपुर | ७११९०० |
| **संघ सशर्ततर्फ** | | | |
| १५ | मे. औ. (कम्प्युटर तथा प्रिण्टर) | एक्टिभ कम्प्युटर ट्रेडर्स, काठमाडौं | १४९७२५ |
| ६६ | मे. औ. (ल्यापटप कम्प्युटर) | | १४९००० |
| ४२६ (चालु) | मे. औ. (ल्यापटप कम्प्युटर) | | २८०००० |
| | | **जम्मा** | **२७२५६४४** |

## २२ वार्षिक खरिद योजना/गुरुयोजना

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१८,८८,५८,६३८।- पूँजीगत खर्च (मालसामान खरिद तथा निर्माण कार्य) गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

## २३ चेनेज तथा लोकेशन

सडक निर्माण सम्बन्धी कार्य गर्दा, गराउँदा कार्य भएको स्थानको चेनेज खुलाउनुपर्नेमा सो अनुसार भएको पाइएन । कार्यालयले सडक कालोपत्रे, ढलान (रिजिड पेभमेण्ट), स्टोन सोलिङ्ग, नाला निर्माण, रिटेनिङ्ग वाल लगायतका संरचनाजन्य कार्य गर्दा चेनेज खुलाउने गरेको पाइएन । एउटै सडक उपभोक्ता समिति तथा ठेक्का प्रकृया दुवै माध्यमबाट गराउने गरेको देखिएकोले सो अवस्थामा चेनेज नखुलाउँदा कार्यमा दोहोरोपना तथा ओभरल्याप हुन सक्ने हुँदा यसतर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।

## २४ घटी लम्बाइमा कार्य

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गर्नुपर्ने साथै नियम १२३ मा निर्माण कार्यको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनु पर्ने व्यवस्था छ । कार्यालयले उपभोक्ता समितिहरुसँग सम्झौता गरी निर्माण गराएका कतिपय सडक निर्माण योजनाहरुमा लागत अनुमान तथा सम्झौतामा उल्लेख भएकोभन्दा घटी लम्बाइमा सडक खन्ने कार्य, स्टोन सोलिङ्ग तथा ग्राभेल कार्य समेत भएको पाइयो । यसरी लम्बाइ घटेको अवस्थामा पनि उक्त आइटमको कार्य परिमाण भने पुरै वा सोभन्दा बढी परिमाणको भुक्तानी गरेको पाइयो । कतिपय योजनामा नापी किताबमा चौडाइ वा उचाइ बढाएर तथा कतिपयमा चट्टानको परिमाण बढाउने गरेको देखियो । जसको कारणबाट पुरा लम्बाइमा सडक खन्ने कार्य नभएको अवस्थामा पनि सम्झौता अनुसारको पुरै रकम भुक्तानी भएको अवस्था छ । यसरी घटी लम्बाइमा रोड वे कटिङ वा स्टोन सोलिङ्गको कार्य भएको अवस्थामा नमूना छनौट गरी परीक्षण गरिएका निम्नलिखित योजनामा पुरै कार्य परिमाण वा काम भएको अनुपातमा बढी कार्य परिमाणको भुक्तानी दिएको सम्बन्धमा क्रस सेक्शन ड्रइङ्ग सहितको प्राविधिक पुष्ट्याइँ पेश हुनुपर्ने देखिएको रु.

| सडक योजनाको नाम | लागत अनुमान सम्झौता अनुसार | | नापी किताब अनुसार | | काम भएको लं. अनुसार हुने परिमाण (घ.मी.) | लं. को अनुपातमा बढी परिमाण(घ.मी.) | औसत दर रु. | थप व्ययभार रु. |
|---|---|---|---|---|---|---|---|---|
| | कुल लं. (मी) | परिमाण (घ.मी.) | कुल लं. (मी) | परिमाण (घ.मी.) | | | | |
| उपल्लोमुदी- बगर-कप्टी सडक (स्टोन सोलिङ्ग) | १७१ | १०२.६० | ९०.५ | ६८.९८ | ५४.३० | १४.६८ | ३४९८.५५ | ५१३५९ |
| जलेश्वर-हिले सडक (स्टोन सोलिङ्ग) | २६५ | १५९ | २५३.६० | १५९.२० | १५२.१६ | ७.०४ | ३३३६.६० | २३४८५ |
| दोभान-लहरेमाने सडक (स्टोन सोलिङ्ग) | १९५ | १०७.८८ | १४४ | १०१.८४ | ७९.६६ | २२.१७ | ३३१२.५८ | ७३४४० |
| ठोटनेरी सडक (स्टोन सोलिङ्ग) | १५६ | ९३.६० | १२८ | ८८.५८ | ७६.८८ | ११.७८ | ३३३४.८८ | ३९२४० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| न्यौपाने गाउँ-उनियाचौर (स्टोन सोलिङ्ग) | १०३ | ६१.८ | ९० | ६३ | २६.९८ | ५.७८ | ३३१२.५८ | १८६०३ |
| नाम्दु-पाँडुडाँडा सडक (स्टोन सोलिङ्ग) | १५० | ९० | ८१.३ | ६८.२९ | ४८.७८ | १९.५१ | ३३१२.५८ | ६२६७७ |
| नाम्दु-पाँडुडाँडा सडक (ढलान) | २७० | १६२ | २६४.८ | १७२.६६ | १५८.८८ | १३.७८ | १६७०४.२४ | २३०१८४ |
| पोखरी — च्यानडाँडा सडक (ग्रावेल) | ३०० | १३३.४२ | २४२ | १३३.२० | १०७.६३ | २५.५७ | १४६१.०५ | ३७३६६ |
| बगर-नेपाने कृषि सडक (न्यू ट्र्याक) | ६१० | १३२३.२५ | ४५० | १३२८.६४ | ९७६.१७ | ३५२.५ | १३५.६० | ४७७९९ |
| फापरस्वाँरा-ज्यामिरे सडक (न्यू ट्र्याक) | ४०० | ११८५.५६ | ३५२ | ११८८.२४ | १०४३.२९ | १४५ | ११८.६५ | १७२०४ |
| गोपीखोला-गैरीमुदी-पाँडुडाँडा सडक (ढलान) | ३४० | २७२ | ३३०.५ | २८० | २६४.४० | १५.६० | १४४०५.१३ | २२४७२० |
| | | | | | | | **जम्मा** | ८२६०७७ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,२६,०७७ |

२५ **पाइपको गुणस्तर परीक्षण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान तोकिएको प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनुपर्ने व्यवस्था छ । कार्यालयले उपभोक्ता समिति तथा वडा कार्यलयहरु मार्फत् विभिन्न खानेपानी योजनाका लागि खरिद तथा जडान गर्ने एच्.डी.पी.ई. पाइपको गुणस्तर परीक्षण गराउने गरेको देखिएन । अतः आपूर्ति गरिएका एच्.डी.पी.ई. पाइप तोकिएको प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भएको आश्वस्तताको लागि गुणस्तर परीक्षण गर्ने, गराउने व्यवस्था हुनुपर्दछ । एच्.डी.पी.ई. पाइप उपभोक्ता समिति मार्फत् खरिद भई गुणस्तर परीक्षण नभएका केही उदाहरण देहाय अनुसार छन्-

| खानेपानी योजनाको नाम | एच्.डी.पी.ई. पाइपको परिमाण (विभिन्न साइज) | पाइपको मूल्य रु. |
|---|---|---|
| वडा कार्यालय मुलाबारी खानेपानी योजना | २५५७ मीटर | २१७६०४ |
| नाम्दु बैती खानेपानी योजना | १००८ मीटर | ५०६४१५ |
| वडा नं. ४ का खानेपानी योजना (वडा कार्यालय) | ४५५० मीटर | २००००० |
| वडा नं. ८ का खानेपानी योजना (वडा कार्यालय) | ३४९० मीटर | २००००० |
| भिरमुनि माथले दाहालटार खानेपानी योजना | ६११५ मीटर | ३३०४७९ |
| हिटी खानेपानी योजना | ४१७० मीटर | ७४७७४८ |
| | | **२२०२२४६** |

२६ **एज बिल्ट ड्रइङ्ग पेश नभएको**

✂ ..........*(प्रारम्भिक प्रतिवेदन उपर असुल भई आएको प्रमाण पेश भएको आधारमा विभिन्न मितिको निर्णयबाट रु.२२०००० ।- सम्परीक्षण गरिएको ।)*

२७ **वडाध्यक्ष मार्फत् कार्य**

✂ ..........*(प्रारम्भिक प्रतिवेदन उपर नियमित भई आएको प्रमाण पेश भएको आधारमा मिति २०८०।११।२४ को निर्णयबाट रु. ६००,००० ।- सम्परीक्षण गरिएको ।)*

२८ **ठेक्का बन्दोबस्त**

कार्यालयले उपलब्ध गराएको विवरण अनुसार कार्यालयबाट भएको खरिद व्यवस्थापन सम्बन्धी संक्षिप्त विवरण देहाय अनुसार रहेको छ।

**(विस्तृत विवरण अनुसूची ५ मा संलग्न छ ।)**

२९ **बढी भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समितिलाई स्वीकृत दररेटबाट सम्झौता अनुसार भुक्तानी गर्नुपर्ने व्यवस्था छ । स्वीकृत पालिका दर अनुसार पहिरो पन्छाउने कार्यको मेशिनको दर प्रति घनमिटर रु. ८४।७५ (मू.अ.कर सहित) कार्यालयले निम्नलिखित ३ योजनाका उपभोक्ता समितिलाई सडक तथा नालाको पहिरो पन्छाउने कार्य गराउँदा स्वीकृत पालिका दरभन्दा बढी दरले भुक्तानी गरेको पाइयो । अतः देहाय अनुसार बढी भुक्तानी भएको रु. ।- असुल हुनुपर्ने रु.

| **भौ.नं.** | **योजनाको नाम** | **पहिरो पन्छाउने कार्य परिमाण** | **स्वीकृत दर (प्रति घ.मि.)** | **भुक्तानी दर (प्रति घ.मि.)** | **बढी दर** | **बढी भुक्तानी रु.** |
|---|---|---|---|---|---|---|
| १६४ | माझाबुस्ती-वडा कार्यालय सडक | ७७५ | ८४।७५ | १८८.६५ | ३३.९० | २६२७३ |
| १७८ | साले कटेरो-तोरी स्वाँरा सडक | १२६.५० | ८४।७५ | १८८.६५ | ३३.९० | ४२८८ |
| २५२ | गोपीखोला-बाघखोर सडक मर्मत | ५९१.८० | ८४।७५ | १३५.६० | ५०.८५ | ३००९३ |
| | | | | | **जम्मा** | ६०६५४ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६०,६५४ |

३० **बुस्ती - पुतलीकाठ सडक स्तरोन्नति (प्याकेज-ए) (प्रदेश समपूरक आयोजना)**

भौ. नं. १६ र ३६ (प्रदेश) र २२० र २९३ (गा.पा.)
वागमती प्रदेश सरकार र वैतेश्वर गाउँपालिकाको ५०-५० प्रतिशत लागत साझेदरीमा बुस्ती - पुतलीकाठ स्तरोन्नति (कालोपत्रे) कार्यका लागि कार्यालयले यस आ. व. मा रु. १,९४,८३,७११।- को लागत अनुमान तयार गरी उक्त कार्य बोलपत्र मार्फत् गराउन प्रकाशित सूचना अनुसार रु. ९७,००,१०९।- (५०.९७ प्रतिशत न्यून) कबोल गर्ने निर्माण व्यवसायी शिव निर्माण सेवा प्रा.लि.सँग २०८०।२।३० भित्र कार्य सम्पन्न गर्ने गरी मिति २०७९।८।१३ मा सम्झौता भई रु. ९६,७७,०८९।- भुक्तानी भएको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन् ।

३०.१ **पिच कार्यको गुणस्तर परीक्षण** - सडक निर्माणको Standard Specification अनुसार गुणस्तरीय तथा दिगो सडक निर्माण हुनुपर्दछ । साथै निर्माण व्यवसायीसँग भएको सम्झौताको टेक्निकल स्पेसिफिकेशन खण्डको दफा १५ देखि २५ सम्म विभिन्न निर्माण सामग्री तथा निर्माण कार्यको गुणस्तर कायम गर्न प्रयोगशाला परीक्षण गर्नुपर्ने व्यवस्था छ । कार्यालयले देउराली - क्षेत्रपा सडक स्तरोन्नति कार्य

(प्याकेज-ए) मा पिच (३ से.मी. प्रिमिक्स कार्पेटिङ्ग) सहितको सडक स्तरोन्नति कार्य गराएकोमा पिच (प्रिमिक्स कार्पेटिङ्ग) को प्रयोगशाला परीक्षण कार्य भएको पाइएन । उक्त कार्यको प्रयोगशाला परीक्षण समेत नभएकोले ६७४ मीटर लम्बाइ र रु. ९६,७७,०८९।- लागतमा भएको पिच कार्य गुणस्तरीय भएको छ भनी यकिन गर्न सक्ने आधार देखिएन ।

३०.२ *बेस कोर्सको लम्बाइभन्दा बढी लम्बाइमा पिच-*

*.......... (प्रारम्भिक प्रतिवेदन उपर बढी भुक्तानी भएको रकम दाखिला भई आएको प्रमाण पेश भएको आधारमा मिति २०८०।११।१६ को निर्णयबाट रु. १५९,१२० ।- सम्परीक्षण गरिएको ।)*

३१ **बुस्ती - पुतलीकाठ सडक स्तरोन्नति (प्याकेज-बी) (प्रदेश समपूरक आयोजना)**

भौ. नं. १६ र ३६ (प्रदेश) र २२० र २९३ (गा.पा.)

वागमती प्रदेश सरकार र वैतेश्वर गाउँपालिकाको ५०-५० प्रतिशत लागत साझेदरीमा बुस्ती - पुतलीकाठ स्तरोन्नति (कालोपत्रे) कार्यका लागि कार्यालयले यस आ. व. मा रु. ९७,६२,५४४।- को लागत अनुमान तयार गरी उक्त कार्य बोलपत्र मार्फत् गराउन प्रकाशित सूचना अनुसार रु. ५१,६४,८५५।- (४७.१० प्रतिशत न्यून) कबोल गर्ने निर्माण व्यवसायी कस्तुरी बिल्डर्स प्रा.लि.सँग २०८०।२।३० भित्र कार्य सम्पन्न गर्ने गरी मिति २०७९।११।१४ मा सम्झौता भई रु. ५१,६२,८४६।- भुक्तानी भएको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन् ।

३१.१ **पिच कार्यको गुणस्तर परीक्षण** - निर्माण व्यवसायीसँग भएको सम्झौताको टेक्निकल स्पेसिफिकेशन खण्डको दफा १५ देखि २५ सम्म विभिन्न निर्माण सामग्री तथा निर्माण कार्यको गुणस्तर कायम गर्न प्रयोगशाला परीक्षण गर्नुपर्ने व्यवस्था छ । कार्यालयले देउराली - क्षेत्रपा सडक स्तरोन्नति कार्य (प्याकेज-ए) मा पिच (३ से.मी. प्रिमिक्स कार्पेटिङ्ग) सहितको सडक स्तरोन्नति कार्य गराएकोमा पिच (प्रिमिक्स कार्पेटिङ्ग) को प्रयोगशाला परीक्षण कार्य भएको पाइएन । उक्त कार्यको प्रयोगशाला परीक्षण समेत नभएकोले ३०३ मीटर लम्बाइ र रु. ५१,६२,८४६।- लागतमा भएको पिच कार्य गुणस्तरीय भएको छ भनी यकिन गर्न सक्ने आधार देखिएन ।

३१.२ **बेस कोर्स गरी छाडेको –**

*.......... (प्रारम्भिक प्रतिवेदन उपर नियमित भई आएको प्रमाण पेश भएको आधारमा मिति २०८०।११।२४ को निर्णयबाट रु. १०१,७५० ।- सम्परीक्षण गरिएको ।)*

३२ **नाम्दु - पाँडुडाँडा सडक स्तरोन्नति (प्याकेज-ए) (संघीय समपूरक आयोजना)**

भौ. नं. १८५ (गा.पा.) र ५३ (संघ)

संघीय सरकार र वैतेश्वर गाउँपालिकाको ५०-५० प्रतिशत लागत साझेदरीमा नाम्दु - पाँडुडाँडा स्तरोन्नति (कालोपत्रे) कार्यका लागि कार्यालयले यस आ. व. मा रु. १३४,५९,५६०।- को लागत अनुमान तयार गरी उक्त कार्य बोलपत्र मार्फत् गराउन प्रकाशित सूचना अनुसार रु. ६८,१७,९८५।- (४९.३५ प्रतिशत न्यून) कबोल गर्ने निर्माण व्यवसायी कस्तुरी बिल्डर्स प्रा.लि.सँग २०८०।२।३० भित्र कार्य सम्पन्न गर्ने गरी मिति २०७९।८।११ मा सम्झौता भई रु. ६८,१०,००४।- भुक्तानी भएको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन् ।

३२.१ **पिच कार्यको गुणस्तर परीक्षण** - निर्माण व्यवसायीसँग भएको सम्झौताको टेक्निकल स्पेसिफिकेशन खण्डको दफा १५ देखि २५ सम्म विभिन्न निर्माण सामग्री तथा निर्माण कार्यको गुणस्तर कायम गर्न प्रयोगशाला परीक्षण गर्नुपर्ने व्यवस्था छ । कार्यालयले देउराली - क्षेत्रपा सडक स्तरोन्नति कार्य (प्याकेज-ए) मा पिच (३ से.मी. प्रिमिक्स कार्पेटिङ्ग) सहितको सडक स्तरोन्नति कार्य गराएकोमा पिच (प्रिमिक्स कार्पेटिङ्ग) को प्रयोगशाला परीक्षण कार्य भएको पाइएन । उक्त कार्यको प्रयोगशाला परीक्षण समेत नभएकोले ४५३ मीटर लम्बाइ र रु. ६८,१०,००४।- लागतमा भएको पिच कार्य गुणस्तरीय भएको छ भनी यकिन गर्न सक्ने आधार देखिएन ।

३२.२ वेस कोर्स तथा प्राइम/ट्याक कोट गरी छाडेको —

*✂ .......... (प्रारम्भिक प्रतिवेदन उपर नियमित भई आएको प्रमाण पेश भएको आधारमा मिति २०८०।११।२४ को निर्णयबाट रु. ४८,६२० ।- सम्परीक्षण गरिएको ।)*

३३ **बेस कोर्स गरी छाडेको**

*✂ .......... (प्रारम्भिक प्रतिवेदन उपर नियमित भई आएको प्रमाण पेश भएको आधारमा मिति २०८०।११।२४को निर्णयबाट रु. २,२३,३००।- सम्परीक्षण गरिएको ।)*

३४ **निर्माण कार्य व्यवस्थापन**

पालिकाले आर्थिक वर्ष २०७९।८० मा ठेक्का र उपभोक्ता समिति मार्फत् सम्पन्न गरेको कार्यको विवरण देहाए बमोजिम रहेको छ ।

| योजना संख्या | ठेक्का मार्फत् | | उपभोक्ता समिति मार्फत् | |
|---|---|---|---|---|
| | संख्या | रकम रु. | संख्या | रकम रु. |
| २९१ | १५ | ८७१५२३१७.४४ | २७६ | १०२९०१०००।- |

यस आर्थिक वर्षमा पालिकाले सञ्चालन गरेका कुल २९१ योजनामा मध्ये ठेक्का मार्फत १५ वटा योजनामा रु ८७१५२३१७.४४ खर्च भएको देखिन्छ भने उपभोक्ता समिति मार्फत सञ्चालित २७६ योजनामा रु १०२९०१०००।- खर्च गरेको छ । अर्थात २०८ योजनामा भएको खर्च मध्ये ४५.८५ प्रतिशत ठेक्का प्रक्रिया र ५५.१५ प्रतिशत रकम उपभोक्ता समिति मार्फत् खर्च गरेको देखिन्छ । पालिकाले निर्माण कार्य गर्दा प्रतिस्पर्धात्मक प्रणाली, निर्माण कार्यको गुणस्तर, सोको दिगोपना, उपभोक्ता समितिको क्षमता निर्माण कार्यको प्रकृति लगायतका कुराहरु को समेत विचार गरी निर्माण कार्य सञ्चालन एंव व्यवस्थापन गर्न ध्यान दिनुपर्दछ।

३५ **परामर्श सेवा खरिद**

पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०७९/८० मा परामर्श सेवा (डि.पि.आर. समेत) मा रु. १४६९८४८।- खर्च गरेको देखियो । सोसम्बन्धी विवरण देहाय बमोजिम रहेको छः-

**(विस्तृत विवरण अनुसूची ६ मा संलग्न छ ।)**

३६ **देउराली - क्षेत्रपा सडक स्तरोन्नति (प्याकेज-ए) (प्रदेश समपूरक आयोजना)**

भौ. नं. ११, २८ र ४० (प्रदेश) र २५९ र ३३४ (गा.पा.)

वागमती प्रदेश सरकार र वैतेश्वर गाउँपालिकाको ५०-५० प्रतिशत लागत साझेदरीमा गोपी - जोरमाने स्तरोन्नति (कालोपत्रे) कार्यका लागि कार्यालयले यस आ. व. मा रु. १,९३,९५,७८९।- को लागत अनुमान तयार गरी उक्त कार्य बोलपत्र मार्फत् गराउन प्रकाशित सूचना अनुसार रु. ११४,१७,०११।- (४१.१३ प्रतिशत न्यून) कबोल गर्ने निर्माण व्यवसायी शिव निर्माण सेवा प्रा.लि.सँग 20८०।२।३० भित्र कार्य सम्पन्न गर्ने गरी मिति २०७९।८।१३ मा सम्झौता भई रु. ११२,९३,५७६।- भुक्तानी भएको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन् ।

३६.१ **पिच कार्यको गुणस्तर परीक्षण** - सडक निर्माणको Standard Specification अनुसार गुणस्तरीय तथा दिगो सडक निर्माण हुनुपर्दछ । साथै निर्माण व्यवसायीसँग भएको सम्झौताको टेक्निकल स्पेसिफिकेशन खण्डको दफा १५ देखि २५ सम्म विभिन्न निर्माण सामग्री तथा निर्माण कार्यको गुणस्तर कायम गर्न प्रयोगशाला परीक्षण गर्नुपर्ने व्यवस्था छ । कार्यालयले देउराली - क्षेत्रपा सडक स्तरोन्नति कार्य (प्याकेज-ए) मा पिच (३ से.मी. प्रिमिक्स कार्पेटिङ्ग) सहितको सडक स्तरोन्नति कार्य गराएकोमा पिच (प्रिमिक्स कार्पेटिङ्ग) को प्रयोगशाला परीक्षण कार्य भएको पाइएन । प्रिमिक्स कार्पेटिङ्ग कार्यको लागत अनुमान दर प्रति घ.मी. रु. १९,६०६।५३ रहेकोमा निर्माण व्यवसायीले घ.मी. रु. २०००।- मात्र कबोल गरेको अवस्थामा उक्त कार्यको प्रयोगशाला परीक्षण समेत नभएकोले ७५१ मीटर लम्बाइमा रु.११२,९३,५७६।-लागतमा भएको पिच कार्य गुणस्तरीय भएको छ भनी यकिन गर्न सक्ने आधार देखिएन ।

३६.२ **घटी लम्बाइ** - सार्वजनिक खरिद ऐन, नियमावली बमोजिम स्वीकृत लागत अनुमान तथा डिजाइन अनुसार निर्माण कार्य गर्नुपर्दछ । स्वीकृत लागत अनुमान तथा डिजाइन अनुसार १०५५ मी. लम्बाइमा ११४.४२ घ.मी. प्रिमिक्स कार्पेटिङ्ग (पिच) गर्ने उल्लेख भएकोमा ७५१ मी. लम्बाइमा मात्र पिच भएको देखियो । तर सो को कार्य परिमाण भने १०७.९८ घ.मी. गणना गरी भुक्तानी गरेको पाइयो । यस सम्बन्धमा सम्बन्धित प्राविधिकसँग छलफल गर्दा स्वीकृत लागत अनुमान तथा डिजाइनमा उल्लेख भएभन्दा बढी चौडाइमा पिच कार्य भएको जवाफ प्राप्त भए तापनि सडकको लम्बाइ घटाई तथा चौडाइ बढाई पिच गरेको सम्बन्धमा प्राविधिक पुष्ट्याइँ तथा सो सम्बन्धी स्वीकृति पेश हुन आएन । अतः यस सम्बन्धी प्राविधिक पुष्ट्याइँ तथा स्वीकृति पेश हुनुपर्दछ ।

३७ **योजना प्राथमिकीकरण**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिबी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा देहायअनुसार अधिकांश साना योजनामा बजेट विनियोजन गरेको पाइयो ।

| **क्र.सं.** | **विवरण** | **योजनासंख्या** | **रकम** |
|---|---|---|---|
| १ | रु.१ लाखभन्दा कमको योजना | ८ | ४०००००।- |
| २ | रू.१ लाख देखि रू.३ लाख सम्मका योजना | १९९ | ३६७४३०००।- |

| | | | |
|---|---|---|---|
| ३ | रू.३ लाख देखि माथि रू.५ लाख सम्मका योजना | ४० | १७५९३०००।- |
| ४ | रु.५ लाखदेखि माथि रू.१० लाख सम्मका योजना | १५ | ११७६५०००।- |
| ५ | रू.१० लाख देखि माथि रू.२५ लाख सम्मका योजना | १० | २०४०००००।- |
| ६ | रू.२५ लाख भन्दा माथिका योजना | ४ | १६००००००।- |
| | **जम्मा** | **२७६** | **१०२९०१०००।-** |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनाबाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा वृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये २६२ योजनामात्र कार्यान्वयन भई १४ योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

### ३८ उपभोक्ता समिति परिचालन सम्बन्धमा

नगरपालिका कार्यालयले केही ठुला संरचना निर्माण कार्य बाहेक अधिकांश निर्माण कार्य उपभोक्ता समिति मार्फत् गराउने गरेको देखियो । यस सम्बन्धमा देहायका व्यहारा देखिएका छन् ।

**(क) उपभोक्ता समिति दर्ता** - संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार कुनै पनि संस्था विधान सहित दर्ता नभएमा संस्थालाई कानूनी मान्यता दिन मिल्ने देखिँदैन । नगरपालिकाले यस वर्ष विभिन्न निर्माण कार्य गर्न सम्झौता गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता भएको पाइएन । उक्त समितिहरु स्थानीय स्तरमा आयोजनाको बजेटको आधारमा अस्थायी रुपमा गठन हुने र काम सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण सम्पन्न आयोजनाहरु सञ्चालन तथा मर्मत सम्भारमा जिम्मेवार बनाउन कठिनाइ हुने भएकोले स्थायी संयन्त्र मार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ ।

**(ख) आयोजना हस्तान्तरण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १२ बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले सो अनुसार कार्यालयबाट सञ्चालित आयोजनाहरु मध्ये उपभोक्ता समिति मार्फत् संचालन भएका आयोजनाहरु सम्पन्न भैसके पश्चात समितिलाई नै हस्तान्तरण गर्नुपर्नेमा विगत वर्षदेखि संचालन गरिएका कुनै पनि योजना सम्बन्धित समुदायलाई मर्मत सम्भारको जिम्मेवारीसमेत हस्तान्तरण गर्ने गरेको छैन । समयमै निर्माण कार्य सम्पन्न गरी आयोजनाहरुको स्वामित्व उपभोक्ता समितिमै रहने गरी हस्तान्तरण गर्ने कार्यमा पालिकाको ध्यान जानुपर्दछ ।

**(ग) हेभी इक्विपमेण्टको प्रयोग** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उप नियम (९) मा उपभोक्ता समितिबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख

भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने तर उप नियम (९क) अनुसार सो विपरीत हेभी मेशिन प्रयोग गरेको पाइएमा त्यस्तो उपभोक्ता समितिसँग भएको सम्झौता रद्द गरिने उल्लेख छ ।

यस पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन ।

**(घ) जटिल संरचना निर्माण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, आर.सि.सी. पुल, झोलुङ्गे पुल, ट्रस बृज, कल्भर्ट लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ ।

## ३९ मर्मत सम्भार कोष

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (३) मा सम्पन्न निर्माण कार्यको सञ्चालन वा मर्मत सम्भार उपभोक्ता समितिले गर्नुपर्ने, सोही नियमावलीको उपनियम (१५) मा उपभोक्ता समितिले सम्पन्न आयोजनाको सेवा उपयोग गरे वापत उपभोक्ताले तिर्नुपर्ने सेवा शुल्क तोकी शुल्क जम्मा गर्ने कुनै कोष खडा गरी सोही कोषबाट त्यस्तो निर्माण कार्य सञ्चालन तथा मर्मत, सम्भार गर्नुपर्ने व्यवस्था छ । साथै गाउँ कार्यपालिकाले समेत स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा तथा व्यवस्थापन कार्यविधि, २०७४ तर्जुमा गरेको देखिन्छ । उक्त कार्यविधिको बुँदा नं १५तथा १७ मा मा सम्पन्न आयोजना हस्तान्तरण तथा मर्मत सम्भारका लागि मर्मत सम्भारको व्यवस्था गर्नुपर्ने उल्लेख भएकोमा सोको लागि कोषको व्यवस्था गरेको पाइएन । साथै पालिकाले उपभोक्ता समितिसँग गरिने सम्झौतामा त्यस्तो प्रावधान राखेको समेत नपाइएनकोले निर्मित आयोजनाहरुको सु-सञ्चालन तथा दिगोपनाको लागि मर्मत सम्भार कोषको व्यवस्था गरिनुपर्दछ ।

## ४० उपभोक्ता समितिबाट भएका निर्माण कार्यको गुणस्तर

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ३ (ख) मा उपभोक्ता समितिसँग गरिने सम्झौतामा निर्माण कार्यको गुणस्तर नियन्त्रण सम्बन्धी प्रावधान राख्नुपर्ने उल्लेख छ । कार्यालयले उपभोक्ता समितिहरुसँग गरेका सम्झौतामा गुणस्तर नियन्त्रण सम्बन्धी प्रावधान राखेको पाइएन । उपभोक्ता समिति मार्फत् कार्यान्वयन तथा सञ्चालन हुने निर्माण कार्यको गुणस्तर गुणस्तर सुनिश्चितत गरी दिगोपना कायम गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने÷गराउने, गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि सिमेण्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट, फलामे डण्डीको टेन्साइल टेष्ट गराउने जस्ता कार्य गराएको पाइएन । जसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन । अतः कार्यविधिमा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न आवश्यक पहल हुनुपर्दछ ।

## ४१ कार्यालयको भवन तथा अन्य काम उपभोक्ता समितिबाट

*✍ .......... (प्रारम्भिक प्रतिवेदन उपर नियमित भई आएको प्रमाण पेश भएको आधारमा मिति २०८०।११।२४ को निर्णयबाट रु. ९,८८,०००।- सम्परीक्षण गरिएको ।)*

## ४२ लागत अनुमान तथा दर विश्लेषण सम्बन्धमा

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० बमोजिम स्वीकृत नर्म्स अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्दछ । लागत अनुमान तथा दर विश्लेषणको लागि नियम १४८ अनुसार दररेट निर्धारण समितिबाट ज्याला, निर्माण सामग्री तथा ढुवानीको दररेट निर्धारण हुने व्यवस्था छ । साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ मा गाउँपालिका वा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनका लागि निर्माण सामग्री, ज्यालाको स्थानीय दररेट तोक्ने सक्ने व्यवस्था छ ।

यस गाउँपालिका कार्यालयले जिल्ला दररेट निर्धारण समितिकै निर्णयानुसार स्थानीय निर्माण सामग्रीको लागि दोलखा जिल्लाको स्वीकृत दर तथा गैर-स्थानीय निर्माण सामग्रीको लागि काठमाडौं जिल्लाको स्वीकृत दररेट दर प्रयोग गर्ने निर्णय गरेको पाइयो । काठमाडौं जिल्लाको स्वीकृत दररेटमा त्यहाँदेखि पालिका केन्द्रसम्मको १७२ कि. मि. दुरीको ढुवानी लागत समावेश गरी निर्माण कार्यको लागत अनुमान तयार गर्ने गरेको पाइयो।

पालिका अन्तर्गत अधिकांश निर्माण कार्य उपभोक्ता समिति मार्फत् हुने गरेको देखिन्छ । उपभोक्ता समिति मार्फत् निर्माण भएका योजनाहरुको बिल, भर्पाई परीक्षण गर्दा उल्लिखित Non-Local निर्माण सामग्री स्थानीय बजार जिरीमा नै खरिद गरेको पाइएको र ती सामग्रीको दररेट कार्यालयले ढुवानी लागत विश्लेषण गरी तय गरेको दरभन्दा २६.५१ प्रतिशतसम्म सस्तो रहेको पाइयो । निर्माण सामग्री स्थानीय बजारमा नै उपलब्ध हुने अवस्थामा अन्य दोस्रो वा तेस्रो जिल्लाको दररेट प्रयोग गरिरहनुपर्ने आवश्यकता देखिँदैन । अधिकांश स्थानीय व्यवसायीले कार्यालयले तय गरेको दरभन्दा न्यून दरमा नै स्थानीय बजारम निर्माण सामग्री उपलब्ध गराएको देखिएकोले त्यहाँदेखिको ढुवानी लागत समावेश गरी निर्माण कार्यको लागत अनुमान तयार गर्दा पालिकालाई ठुलो व्ययभार परेको देखिएको छ । अतः यस सम्बन्धमा छानबिन गरी यसबाट पर्न गएको थप व्ययभार यकिन गर्नुपर्दछ साथै निर्माण सामग्री स्थानीय बजारमा नै उपलब्ध हुने अवस्थामा अन्य जिल्लाको दररेट प्रयोग नगरी स्थानीय दररेट निर्धारण गर्नेतर्फ सम्बन्धित निकायको ध्यान जानुपर्दछ ।
उपभोक्ता समिति मार्फत् निर्माण कार्य भएका योजनाहरुको बिल, भर्पाई परीक्षण गर्दा कार्यालले निर्धारण गरेको दररेटभन्दा स्थानीय व्यवसायीको दररेट देहाय अनुसार न्यून रहेको पाइयोः-

| निर्माण सामग्री | एकाइ | पालिकाले तय गरेको प्रति एकाइ दर (मू.अ. कर बाहेक) रु. | स्थनीय बजार | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | मैनापोखरी | नाम्दु | चरिकोट | न्यून प्रतिशत | |
| सिमेण्ट (ओपीसी) | बोरा | ८८४.५० | ६९६ देखि ७७४ | ६५० देखि ७५० | ६१९ देखि ७२५ | २६.५१ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| डण्डी (विभिन्न साइज औसत) | १०२.५१ | - | - | - | ९७.३५ देखि १०० | ५.०३ | |
| ग्याबियन बक्स (2*1*1) | गोटा | ३४२०.८२ | ३१८५ | - | ३०५४ | १०.७२ | |
| ग्याबियन बक्स (1.5*1*1) | गोटा | २५६५ | - | - | २२५७ | १२.०१ | |

### ४३ अनुत्पादक क्षेत्रमा लगानी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा (३) मा गाउँपालिका तथा नगरपालिकाले विकास योजना छनौट गर्दा आर्थिक विकास तथा गरीबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने किसिमका योजनाहरुलाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ । तर यस गाउँपालिकाले सामुदायिक भवन, मसानघाट क्लब भवन, मन्दिर तथा गुम्बा निर्माण, खेलकुद मैदान जस्ता अनुत्पादक योजनाहरु समेत अधिक संख्यामा छनौट गरी खर्च गरेको पाइयो । यससम्बन्धी केही उदाहरण देहाय अनुसार छन्-

| भौचर नं. | योजनाको नाम | रकम रु. |
|---|---|---|
| 8 | नाम्दु खेल मैदान निर्माण (वडा नं ६) | ३००००० |
| 28, 142, 360 | कालीढुंगा खेल मैदान निर्माण (वडा नं ५) | २७००००० |
| 33 | विलिभर्स चर्च मर्मत (वडा नं ५) | १४४००० |
| 159 | क्षेत्रपा एजी चर्च भवन | १५०००० |
| 49 | बस्नेतगाउँ कुल मन्दिर निर्माण (वडा नं २) | २५०००० |
| 161 | रिमाल कुल मन्दिर बार निर्माण (वडा नं ३) | १००००० |
| 188 | दाहाल कुल मन्दिर निर्माण (वडा नं ३) | २००००० |
| 272 | खड्का कुल मन्दिर निर्माण (वडा नं ३) | १५०००० |
| 50 | मुलाबारी मन्दिर मर्मत (वडा नं २) | २५०००० |
| 52 | फेदी बुद्ध मुर्ती निर्माण (वडा नं ६) | ५००००० |
| 100 | उपल्लोमुदी सामु. भवन निर्माण (वडा नं २) | ५००००० |
| 239 | जिरेल समाजसुधार भवन निर्माण (वडा नं ८) | ५००००० |
| 116 | उपल्लोमुदी भिरडाँडा चिहान निर्माण (वडा नं १) | २००००० |
| 162 | माझी बस्ती चिहान घाट निर्माण | १५०००० |
| 208, 341 | साङछोलिङ्ग गुम्बा निर्माण (वडा नं ३) | ११५०००० |

| | | |
|---|---|---|
| 17 (प्रदेश सशर्त) | गोलेश्वर (जलेश्वर) देवीथान निर्माण | १५०००० |
| ७४९ (गा पा चालु) | जेष्ठ नागरिक अवलोकन भ्रमण (कालिन्चोक) | १००,००० |
| ८५६(गा पा चालु) | वडा नं ७ को स्वास्थ्य भवन उदघाटन | १५०००० |
| ८५८(गा पा चालु) | जेष्ठ, एकल, विधवा महिला/पुरुष १ दिने तीर्थ भ्रमण | ५०००० |

अनुत्पादक योजनाहरुमा लगानी निरुत्साहित गरी स्थानीय सरकार सञ्चालन ऐनले व्यवस्था गरे अनुसार उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने योजनाहरु छनौट गरी कार्यान्वयन गरिनुपर्दछ ।

४४ **जिन्सी मालसामान फिर्ता नभएको**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०६४ को नियम १०० मा प्रत्येक कार्यालयले गत आर्थिक वर्षको मौज्दात, चालु आर्थिक वर्षमा खरदि गरेको तथा हस्तान्तरण भई आएको मालसामान र वस्तुगत सहायताको रुपमा प्राप्त भएको मालसामान समेत उल्लेख गरी कुल सम्पत्ति तथा जिन्सी मालसामानको परमाण र मूल्य समेत खुलाई जिन्सी मालसामानको स्रेस्ता म.ले.प. बाट स्वीकृत ढाँचामा राख्नुपर्ने व्यवस्था छ ।

कार्यालयलले स्थानीय तह अन्तर्गत पहिलो कार्यकालका निम्न पदाधिकारिलाई कार्यालय प्रयोजनका लागि प्रदान गरेका निम्नलिखित मालसामान निजहरुबाट फिर्ता भएको नदेखिएकोले फिर्ता लिई जिन्सी आम्दानी बाँध्नुपर्ने रु.

| **मालसमान लिने पदाधिकारीको नाम** | **पद** | **मालसमानको विवरण** | **परिमाण** | **मूल्य रु.** |
|---|---|---|---|---|
| १. श्री शम्सेर घिसिङ्ग | तत्कालीन वडाध्यक्ष | ल्यापटप कम्प्युटर | १ | ६९८३४।- |
| २. श्री देवराज खत्री | तत्कालीन कार्यपालिका सदस्य | ल्यापटप कम्प्युटर | १ | १०७९१५।- |
| | | मोबाइल फोन | १ | ३२७७०।- |
| | | | | २१०५१९।- |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,१०,५१९ |

४५ **कालीढुंगा खेल मैदान निर्माण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा निर्माण कार्यको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा गर्नुपर्ने व्यवस्था छ ।

कार्यालयले कालीढुंगा खेल मैदान निर्माण उपभोक्ता समितिलाई (वडा नं ५) कार्य उपभोक्ता समितिलाई भौ. नं. २८-०७९।६।१२ र १४२-०७९।१०।१० बाट पहिलो सम्झौता बापतको रु. १४,९९,१००।- तथा भौ. नं. ३६०-२०८०।३।२४ बाट दोस्रो सम्झौता बापत रु. १२,००,०००।- समेत जम्मा रु. २६,९९,१००।- भुक्तानी गरेको देखिन्छ । नापी किताब तथा प्राविधिक मूल्याङ्कन बिल बमोजिम उक्त रकमबाट खेल मैदान खन्ने र खार्ने काम मात्रै भएको पाइयो । पहिलो सम्झौता अनुसार भएको कार्य र दोस्रो सम्झौता अनुसार भएको कार्य खुल्ने गरी एक्साभेशन कार्यको क्रस सेक्शन ड्रइङ्ग तथा खन्नु/खार्नु अघि र पछिको जमिनको लेभल (उचाइ) समेत नापी किताबमा उल्लेख नगरेकोले २ पटक गरी गरेको काममा दोहोरोपना नरहेको सम्बन्धमा यकिन हुने

अवस्था छैन । अतः यस सम्बन्धमा छानबिन गरी उल्लिखित काम तथा भुक्तानीमा दोहोरोपना नरहेको सम्बन्धमा यकिन हुने प्रमाण/कागजात पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २६,९९,१०० |

## ४६ पूर्वाधार निर्माणको कार्य चालु बजेट तर्फ विनियोजन तथा खर्च

महालेखा नियन्त्रक कार्याबाट जारी एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ बमोजिम पूर्वाधार निर्माण क्रियाकलाप पूँजीगत खर्च शीर्षक अन्तर्गत पर्दछ । तर यस पालिका कार्यालयले प्रधानमन्त्री स्वरोजगार कार्यक्रम (रोजगारी सिर्जना) अन्तर्गत यो वर्ष विभिन्न २३ वटा सडक तथा गोरेटो बाटो निर्माणको कार्य भएकोमा उक्त कार्यको बजेट विनियोजन तथा भुक्तानी संघीय सरबारबाट हस्तान्तरित कार्यक्रम-चालुबाट गरेको पाइयो । उल्लिखित २३ योजनाका लागि यो वर्ष नेपाल सरकारको स्रोतबाट रु. ३०९७०००।- र आई. डि. ए. स्रोतबाट रु. २९४२७२०।- समेत जम्मा रु. ६०३९०००।- खर्च भएकोमा उक्त खर्चको लेखांकन तथा प्रतिवेदन चालु खर्च तर्फ भएकोले चालु तथा पूँजीगत खर्चको प्रतिवेदन यथार्थपरक रहेको देखिँदैन । चालु तथा पूँजीगत खर्चको लेखांकन तथा प्रतिवेदन यथार्थपरक बनाउनुपर्दछ ।

## ४७ योजना कार्यान्वयन नभएको

गाउँसभाबाट पारित भई बजेट व्यवस्था भएका योजना तथा कार्यक्रम कार्यान्वयन गर्नुपर्नेमा निम्नलिखित १४ योजना कार्यान्वयन भएको देखिएन । योजना कार्यान्वयन कार्यान्वयनमा रहेका समस्या पहिचान तथा समाधान गरी पारित योजना कार्यान्वयन गर्न कार्यालयले ध्यान दिनुपर्दछ ।

| सि नं. | योजनाको नाम | स्वीकृत बजेट |
|---|---|---|
| 1. | विरौटा लामिछाने गाउँ क्याम्पस सडक | २,००,००० |
| 2. | थापाकुलो लाटिखेत सिचाँइ कुलो | २,००,००० |
| 3. | भिमबहादुर स्मृति प्रतिष्ठान भवन | २०,००,००० |
| 4. | ठूलो चौर खानेपानी योजना | १,००,००० |
| 5. | देउराली महादेव थान गोरेटो बाटो | १,५०,००० |
| 6. | बडारे मन्दिर निर्माण | १,५०,००० |
| 7. | गैरीमुदी खानेपानी मर्मत | ३,००,००० |
| 8. | फलेकघर टोल सडक निर्माण | २,००,००० |
| 9. | शिवमुर्ति मर्मत तथा संरक्षण | ५,००,००० |
| 10. | ज्यामिरे तीनघरे सडक | ३,००,००० |
| 11. | तीनघरे फापरस्वाँरा सडक | २,००,००० |
| 12. | देउराली खानेपानी योजना | २,५०,००० |
| 13. | देउराली बुद्धमुर्ति मर्मत | ४,००,००० |

| | | |
|---|---|---|
| 14. | वैतेश्वर खानेपानी आयोजना | २,६७,००० |

## ४८ आर्थिक सहायतता

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । पालिकाले आर्थिक सहायता सम्बन्धी कानून तथा कार्यविधि तयार नगरी यस वर्ष विभिन्न व्यक्तीहरुलाई अध्यक्षको तोक आदेश तथा कार्यपालिका निर्णय अनुसार विपद तथा आकस्मिक कोष, औषधी उपचार, किरिया खर्च, दैवी प्रकोप पीडित लगायतका आर्थिक सहायता बापत रु १९,५०,०००।- वितरण गरेको देखियो । अतः यस्तो खर्चमा नियन्त्रण गरी मितव्ययिता कायम गर्नुपर्दछ ।

## ४९ कर्मचारी कल्याण कोष

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु.१० लाख ट्रान्सफर गरेको छ । तर उक्त कोषको संचालन सम्बन्धमा पालिकाबाट आवश्यक कानूनी व्यवस्था भएको छैन।

## ५० अनुगमन तथा मूल्याङकन

भ्रमण खर्च नियमावली २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले भ्रमण आदेश नम्बर, भ्रमणमा खटिने नाम, दर्जा, भ्रमणमा खटिएको स्थान र मिति समेत खुल्ने गरी अनुसूची ६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राखुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष अनुगमन तथा मूल्याङ्कनमा रु ८००००० र कर्मचारी तथा पदाधिकारी भ्रमण खर्च रु ३७८०४६४ गरी जम्मा रु ४५८०४६४ खर्च लेखाङ्कन गरेकोमा भ्रमण भ्रमणको उद्देश्य खुलाई प्रतिवेदन गर्ने गरेको देखिएन ।

## ५१ सेवा प्रवाह

यस गाउँपालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नानुसार ९८६५ जनालाई देहाय बमोजिमको पञ्जीकरण सेवा प्रवाह गरेको पाइयो ।

| क्र.सं | सेवाको किसिम | संख्या |
|---|---|---|
| १ | नागरिकता सिफारिस | ७८२ |
| २ | घरबाटो सिफारिस | ३२१ |
| ३ | नाता प्रमाणित | ६४६ |
| ४ | जन्म तथा मृत्यु | ४६५ |
| ५ | अन्य | ७६५१ |
| **जम्मा** | | **९८६५** |

## ५२ दोहोरो भत्ता

✓ ..........*(प्रारम्भिक प्रतिवेदन उपर बढी भुक्तानी भएको रकम दाखिला भई आएको प्रमाण पेश भएको आधारमा मिति २०८०।११।१५ को निर्णयबाट रु. ६,३००।- सम्परीक्षण गरिएको ।)*

## ५३ इन्धन खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा निर्धारित बजेट एवं आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले पदाधिकारी इन्धनमा रु. ४९४७९८।- तथा कार्यालय इन्धन रु. ३२८८७८४।- गरी जम्मा रु ३७,८३,५८२।- खर्च लेखाङकन गरेको पाइयो । इन्धन खर्चमा नियन्त्रण गरी मितव्ययिता कायम गर्नुपर्दछ ।

## ५४ घरभाडा

✓ ..........*(प्रारम्भिक प्रतिवेदन उपर नियमित भई आएको प्रमाण पेश भएको आधारमा मिति २०८०।११।२४ को निर्णयबाट रु. २,३७,६००।- सम्परीक्षण गरिएको ।)*

## ५५ नाम तोकेर अनुदान

✓ ..........*(प्रारम्भिक प्रतिवेदन उपर नियमित भई आएको प्रमाण पेश भएको आधारमा मिति २०८०।११।२४ को निर्णयबाट रु. १,९२,०००।- सम्परीक्षण गरिएको ।)*

## ५६ नक्सा दर्ता र पास

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७(१) मा गाउँपालिका/नगरपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने व्यवस्था छ । पालिकाको भवन निर्माण इजाजत शाखाबाट भएको नक्शा दर्ता संख्या तथा नक्सापास संख्याको विवरण देहाय बमोजिम रहेको छः

| क्र.सं. | आर्थिक वर्ष | नक्सा दर्ता संख्या | नक्सा पास संख्या |
|---|---|---|---|
| १ | २०७९/८० | १३४ हालसम्म | १३४ हालसम्म |

## ५७ सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरी अभिलेख राखेको पाइएन । अतः आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गरी अभिलेख राख्नुपर्दछ ।

## ५८ सहकारी संस्थाको विवरण

पालिकामा यस आर्थिक वर्षमा सहकारी संस्थाको विवरण देहाय बमोजिम रहेको छ ।

**(विस्तृत विवरण अनुसूची ७ मा संलग्न छ ।)**

५९ **दरबन्दी र पदपूर्ति**

पालिका अन्तर्गत स्वीकृत कर्मचारी दरबन्दी, पदपूर्ति र रिक्त पदको अवस्था निम्नानुसार रहेको पाइयो। (यस सम्बन्धी विवरण अनुसूची १० मा छ ।)

**(क) तलबी प्रतिवेदन** - स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा ६९(५) अनुसार प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गर्न नहुने व्यवस्था छ । पालिकाले यस वर्ष तलबी प्रतिवेदन पारित नगरी ५४ जना स्थायी कर्मचारीलाई रु. ११८५७५१७ तलब भुक्तानी गरेको छ भने लेखापरीक्षण अवधिसम्म पनि आर्थिक वर्ष २०७९/८० को लागि समेत तोकिए बमोजिम तलबी प्रतिवेदन पारित गराएको देखिएन । अतः उल्लेखित कानूनी व्यवस्थाको पालनामा ध्यान दिनुपर्दछ ।

**(ख) पद रिक्तताको सूचना -** स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा १२(१) अनुसार स्थानीय सेवाको कुनै पद रिक्त भएमा त्यस्तो पद रिक्त भएको मितिले एक महिना भित्रमा पद रिक्त भएको सूचना सम्बन्धित स्थानीय तहले प्रदेश लोक सेवा आयोग र मन्त्रालयलाई दिनु पर्ने व्यवस्था छ । पालिकाको स्वीकृत कर्मचारी दरबन्दी १४७ जना रहेकोमा देहाय बमोजिम ५४ जना स्थायी, ६२ जना करारमा कार्यरत रही ३१ पद रिक्त रहेको पाइयो । तर पालिककाले गत विगत वर्षहरु देखि नै यस वर्षको लेखापरीक्षण अविधसम्म रिक्त पद पूर्तिका लागि तोकिएको बमोजिम प्रदेश लोक सेवा आयोग र मन्त्रालयलाई सूचना दिएको पाइएन ।

(ग) माथि उल्लिखित तालिका अनुसार विभिन्न पदमा ३१ पद रिक्त रहेको देखिन्छ । रिक्त पदहरु समयमै पदपूर्ति गर्ने तर्फ पहल गर्नुपर्दछ ।

***✍ ...........(प्रारम्भिक प्रतिवेदन उपर नियमित भई आएको प्रमाण पेश भएको आधारमा मिति २०८०।११।२४ को निर्णयबाट रु. २३,६८,९४४।- सम्परीक्षण गरिएको ।)***

**(विस्तृत विवरण अनुसूची ८ मा संलग्न छ ।)**

६० **सेवा करार**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी कर्मचारी तथा सेवा करारबाट लिइने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने तथा उपदफा (८) मा नगर प्रहरी, सवारी चालक, माली, बगैंचे, चौकीदार, कार्यालय सहयोगी आदिको पद बाहेक अन्य पद तथा सेवामा करारबाट पदपूर्ति गर्न नमिल्ने कानूनी व्यवस्था रहेको छ । यस सम्बन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २०७४।१२।१४ मा जारी गरेको स्थानीय तहमा करारमा जनशक्ति व्यवस्थापन गर्ने कार्यविधि, २०७४ मा स्वीकृत दरवन्दीभन्दा बाहिर अन्य रुपमा कर्मचारीहरु राखी तलब भत्ता वा पारिश्रमिक भुक्तानी गर्न नमिल्ने र त्यस्तो कार्य प्रचलित कानून विपरीत हुने हुँदा भुक्तानी गर्ने पदाधिकारीबाट असुल उपर हुने व्यहोरा उल्लेख छ । तर पालिकाले गत विगत वर्षदेखि सेवा करारमा राख्न नमिल्ने पदमा कर्मचारी भर्ना गरी निजहरुको पारिश्रमिकमा यस वर्ष मात्र ६१२२३८९ खर्च भएको छ । स्थानीय सरकार गठन भएको ५ वर्ष पुरा

भएको, यस अवधिमा शुरु वर्ष लोकसेवा आयोग (संघ) बाट पदपूर्ति भएको तथा पटक पटक प्रदेश लोकसेवा आयोगबाट समेत विज्ञापन भएको अवस्थामा स्थायी पदपूर्ति माग गर्नुपर्नेमा करार सेवालाई निरन्तरता दिनु उचित देखिँदैन । अतः ऐन अनुसार करारमा राख्न नपाउने अवस्थामा करारमा कर्मचारी राख्ने कार्य नियमसम्मत देखिएन ।

| सि नं. | पद | कर्मचारीको नाम | मासिक तलब | चाडपर्व खर्च समेत वार्षिक पारिश्रमिक |
|---|---|---|---|---|
| १ | इन्जिनियर | श्री युधिष्ठर के. सी. | ४८७३७ | ६३३५८१ |
| २ | सू. प्र. अधिकृत | श्री मनिक दहाल | ४३६८९ | ५६७४२४ |
| ३ | लेखा सहायक पाँचौ | श्री गोविन्द बुढाथोकी | ३४७३० | ४५१४९० |
| ४ | क. अपरेटर | श्री ममता दहाल | ३४७३० | ४५१४९० |
| ५ | अमिन | श्री राजेश गिरी | ३२९०२ | ४२७७२६ |
| ६ | सहायक क.अ | श्री मनिषा सापकोटा | ३२९०२ | ४२७७२६ |
| ७ | सहायक क.अ | श्री पम्फि भुजेल | ३२९०२ | ४२७७२६ |
| ८ | सहायक क.अ | श्री कृष्ण बहादुर जिरेल | ३२९०२ | ४२७७२६ |
| ९ | सहायक क.अ | श्री लक्ष्मण लामा | ३२९०२ | ४२७७२६ |
| १० | सहायक क.अ | श्री मन्दिरा मोक्तान | ३२९०२ | ४२७७२६ |
| ११ | सहायक क.अ | श्री जानकी खड्का | ३२९०२ | ४२७७२६ |
| १२ | ना.प्र.स | श्री रुद्र बहादुर विशंखे | ३२९०२ | ४२७७२६ |
| १३ | अधिकृत सातौं | श्री रोशन कुमार गिरी | ४५८५१ | ५९६०६३ |
| **जम्मा** | | | | **६१२२३८९** |

## ६१ स्वकीय सचिव

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ति गर्न नहुने उल्लेख छ ।बागमती प्रदेश सरकारद्वारा मिति २०७७ वैशाख ३ गतेको राजपत्रमा प्रकाशित स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ मा गाउँपालिकाका पदाधिकारीको स्वकीय सचिवसम्बन्धी व्यवस्था रहेको देखिँदैन । तर पालिकाले अध्यक्ष र उपाध्यक्षको सचिवालय सहयोगी उल्लेख गरी निम्नलिखित २ व्यक्तिलाई नियुक्त गरी यो वर्ष रु. ३ लाख ९६ हजार भुक्तानी गरेको देखियो । स्वीकृत दरबन्दी नभएको अवस्थामा सल्लाहकार नियुक्त गरी भुक्तानी गरेको रकम नियमसम्मत नदेखिएको रु.

| क्र.सं. | सचिवालय सहयोगीको नाम | मासिक पारिश्रमिक | वार्षिक पारिश्रमिक |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | श्री केशव तामाङ्ग (अध्यक्षको लागि) | १८०००।- | २१६००० |
| २ | श्री भावना उप्रेती (उपाध्यक्षको लागि) | १५०००।- | १८०००० |
| | | जम्मा | ३९६००० |

| | |
|---|---|
| अनियमित भएको | ३,९६,००० |

६२ **प्रेस सल्लाहकार**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ति गर्न नहुने उल्लेख छ । बागमती प्रदेश सरकारद्वारा मिति २०७७ वैशाख ३ गतेको राजपत्रमा प्रकाशित स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ मा गाउँपालिकाका पदाधिकारीको प्रेस सल्लाहकारसम्बन्धी व्यवस्था रहेको देखिँदैन ।तर गाउँपालिकाले एक व्यक्ति (श्री सुवास बस्नेत) लाई प्रेस सल्लाहकार पदमा लाई नियुक्त गरी मासिक रु. १५ हजारका दरले यो वर्ष रु. १ लाख ८० हजार भुक्तानी भएको छ । स्थानीय सरकार सञ्चालन ऐन तथा प्रदेश कानून विपरीत सल्लाहकार नियुक्त गरी भुक्तानी गरेको रकम नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,८०,००० |

६३ **खाना तथा विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा निर्धारित बजेट एवं आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकाले यो वर्ष गाउँपालिका चालु शीर्षकबाट खाना, खाजा तथा विविध भैपरी आउने खर्चमा रु. २७,१६,९१२ खर्च लेखाङ्कन गरेको पाइयो । यस्तो खर्चमा नियन्त्रण गरी मितव्ययिता कायम गर्नुपर्दछ ।

६४ **शीर्षक फरक पारी खर्च**

***✂ .......... (प्रारम्भिक प्रतिवेदन उपर नियमित भई आएको प्रमाण पेश भएको आधारमा मिति २०८०।११।२४ को निर्णयबाट रु. ७,३९,८३०।- सम्परीक्षण गरिएको ।)***

६५ **प्राविधिक फिल्ड भत्ता**

सार्वजनिक खरिद नियमावली, २६४ को नियम ९५ बमोजिम सेवा करारका कर्मचारी करार पत्रमा तोकिए अनुसारका सेवा शुल्क वा पारिश्रिमक मात्र भुक्तानी गर्नुपर्ने उल्लेख छ । गाउँपालिका कार्यालयले सेवा करारमा कार्यरत प्राविधिक कर्मचारीहरुलाई प्राविधिक कर्मचारी फिल्ड सुविधा, कार्यविधि २०७८ तर्जुमा गरी मिति २०७८।५।१३ मा स्वीकृत गरी मासिक तलबको ३० प्रतिशतले प्राविधिक फिल्ड भत्ता उपलब्ध गराउने निर्णय गरी यो वर्ष इञ्जिनियर, सब-इञ्जिनियर लगायत १३ जना प्राविधिक कर्मचारीलाई रु. १६,२३,१४४ फिल्ड भत्ता भुक्तानी गरेको पाइयो । सेवा करार पत्रमा तोकिए अनुसारका सेवा शुल्क वा पारिश्रिमक मात्र भुक्तानी गर्नुपर्दछ ।

६६ **गाडी भाडा**

गाउँपालिकाबाट प्राप्त जिन्सी सम्मत्ति विवरण अनुसार पालिकाको स्वामित्त्वमा २ वटा चार पाङ्ग्रे गाडी, मोटरसाइकल ३२ वटा र स्कूटर २ वटा समेत जम्मा ३६ वटा सवारी साधन रहेको देखिन्छ । यसका अतिरिक्त गाउँपालिका पदाधिकारी तथा कर्मचारीले विभिन्न समयमा बोलेरो जीप भाडामा लिई यो वर्ष रु.१२,००,०००।- भाडा खर्च लेखाङ्कन गरेको पाइयो । यस सम्बन्धमा छलफल गर्दा २ वटा चार पाङ्ग्रे गाडीमध्ये एक गाडी २०७९ मार्ग ७ मा खरिद गरेको, उक्त भाडा खर्च सो गाडी खरिद अघिको भन्ने जवाफ प्राप्त भयो । २०७९ श्रावणदेखि कार्तिकसम्म ४ महिना अवधिको लागि भाडा खर्च रु. १२ लाख अधिक देखियो । अतः यस्तो खर्चमा नियन्त्रण गरी मितव्ययिता कायम गर्नुपर्दछ ।

## ६७ मसलन्द तथा कार्यालय सामान

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिएबमोजिम लागत अनुमान तयार गर्नुपर्ने र दफा ८(२) मा यस ऐन र ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्नु नहुने उल्लेख छ । पालिकाले कार्यालय सामानको लागि वडातर्फ रु १५०००००।- र पालिका तर्फ रु. २१२००००- गरी जम्मा रु ३६२००००।- विनियोजन भएकोमा रु.३४,५६,३११।- को खर्च भएको पाइयो । उक्त सबै खरिद विना प्रतिस्पर्धा सोझै खरिद विधिबाट भएको पाइयो । सार्वजनिक खरिद प्रक्रियामा प्रतिस्पर्धा, स्वच्छता, इमान्दारिता, जवाफदेहिता र विश्वसनीयता प्रवर्द्धन गर्न खरिद योजना निर्माण गर्ने, खरिद माग प्राप्त गर्ने, खरिद गर्ने सामानको लागत अनुमान तयार गरी प्रतिस्पर्धात्मक तवरबाट खरिद गर्ने जस्ता प्रक्रियाहरु पुरा गरी सार्वजनिक खरिद कार्य गर्नुपर्ने देखिन्छ ।

## ६८ वडाध्यक्ष मार्फत् कार्य सञ्चालन

***✂ ...........(प्रारम्भिक प्रतिवेदन उपर नियमित भई आएको प्रमाण पेश भएको आधारमा मिति २०८०।११।२४ को निर्णयबाट रु. १०,९३,४६४।- सम्परीक्षण गरिएको ।)***

## ६९ पदाधिकारी दोहोरो सुविधा

***✂ ...........(प्रारम्भिक प्रतिवेदन उपर बढी भुक्तानी भएको रकम दाखिला भई आएको प्रमाण पेश भएको आधारमा मिति २०८०।११।१६ को निर्णयबाट रु. ९६,०००।- सम्परीक्षण गरिएको ।)***

## ७० बढी भुक्तानी

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा निर्माण कार्यको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा गर्नुपर्ने व्यवस्था छ । पालिकाले विपद व्यवस्थापन कोष अन्तर्गत विभिन्न ठाउँको पहिरो सफा गर्ने कार्यको स्वीकृत पालिका दर प्रति घनमिटर रु. ९६।०५ रहेकोमा ११८।६५ का दरले रु. २२.६ का दरले बढी भुक्तानी गरेको पाइयो । अतः स्वीकृत दर भन्दा बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु.

| गो.भौ.नं/मिति | योजनाको नाम | भुक्तानी पाउनेको नाम | परिमाण | बढी भुक्तानी |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १२४/०७९।६।१३ | वैतेश्वर ३ नं वडा भित्र पहिरो सफा गर्ने काम | कमल अधिकारी (वडा अध्यक्ष) | ९९९.९६ | २४४४० |
| १२६/०७९।६।१३ | माझिवुस्ति सडक पहिरो सफा गर्ने काम | उर्मिला खड्का | ४६२ | १०४४२ |
| ३०६/०७९।९।७ | लहरेमाने, कमिडाँडा, चिलाउने, मजुवा, यार्सा सडक सफा | कमल अधिकारी (वडा अध्यक्ष) | २७९.८२ | ६३२४ |
| **जम्मा** | | | | **४१,२०६** |

***(प्रारम्भिक प्रतिवेदन उपर बढी भुक्तानी भएको रकम असुल भई आएको प्रमाण पेश भएको आधारमा मिति २०७९।११।१६ को निर्णयबाट रु. ८७७०।- सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४१,२०६ |

## ७१ सहकारी संस्थाको अनुगमन

पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिका भित्र संचालनमा रहेका सहकारी संस्थाको पालिकाले अनुगमन गरेको विवरण देहाय बमोजिम रहेको छ । अनुगमनलाई नियमित र सघन बनाई सोबाट देखिएका व्यहोरा कार्यान्वयन गर्न/गराउनुपर्दछ ।

| पालिकामा दर्ता भएका सहकारी संस्थाको संख्या | अनुगमन गरिएका सहकारी संस्थाको संख्या | अनुगमनबाट देखिएका प्रमुख व्यहोराहरु | अनुगमन प्रतिवेदन उपर भएको कारबाही |
|---|---|---|---|
| १० | ५ | • उदेश्य अनुरुप संचालनमा कमी<br>• प्रविधिमा कम संचालन भएका<br>• कोपोमिस आवद्ध नभएको | • नीति विधि र प्रविधिमा आधारित भएर संचालन गर्न सुझाव दिएको<br>• कोपोमिस आवद्ध हुन अनुरोध गरिएको<br>• सहकारी नीति र सिद्धान्तमा आधारित भएर संचालन गर्न प्रोत्साहित गरिएको |

## ७२ दरबन्दी तथा पदपूर्ति

पालिकामा आर्थिक वर्ष २०७९।८० मा संचालनमा रहेका स्वास्थ्य संस्थाको दरबन्दी पदपूर्ति र सेवाग्राहीको अवस्था देहाय बमोजिम रहेको पाइयो ।

| स्वास्थ्य संस्थाको किसिम | स्वास्थ्य संस्थाको संख्या | सेवाग्राहीको संख्या | स्वास्थ्यकर्मीको दरबन्दी संख्या | पदपूर्ति संख्या |
|---|---|---|---|---|
| अस्पताल | बैतेश्वर अस्पताल | १०२४१ | २६ जना | २६ जना |

| | | | | |
|---|---|---|---|---|
| स्वास्थ्य चौकी | गैरीमुदी स्वास्थ्य चौकी | २०६६ | ७ जना | ७ जना |
| | पुतलीकाठ आधारभूत स्वास्थ्य केन्द्र | २५१८ | ३ जना | ३ जना |
| | मिर्गे स्वास्थ्य चौकी | २५३९ | ७ जना | ७ जना |
| | काब्रे स्वास्थ्य चौकी | १५२४ | ७ जना | ७ जना |
| | नाम्दु स्वास्थ्य चौकी | ४१०१ | ७ जना | ७ जना |
| | मार्बु सामुदायिक स्वास्थ्य इकाई | ३०१५ | ३ जना | ३ जना |
| | क्षेत्रपा स्वास्थ्य चौकी | ३५२४ | ७ जना | ७ जना |
| जम्मा | **८** | **२९५२८** | **६७** | **६७** |

उक्त विवरण अनुसार पालिकामा १ अस्पताल र ७ स्वास्थ्य केन्द्र/चौकीमा कुल ६७ दरबन्दी रहेकोमा हाल ६७ पद स्थायी तथा करार मार्फत पूर्ति गरी सेवा प्रवाह गर्ने गरेको देखिन्छ ।

### ७३ औषधी खरिद सम्बन्धमा

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा २५ लाख रुपैयाँसम्मको औषधिजन्य वस्तु उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । कार्यालयले निम्नलिखित आपूर्तक फर्मबाट रु. ७१०६४०९।- मूल्यका औषधि तथा औषधिजन्य वस्तु खरिद गरेकोमा निम्न व्यहोरा देखिएका छन:

| | **खरिद विधि** | **आपूर्तक फर्मको नाम** | **भुक्तानी रु.** |
|---|---|---|---|
| <u>गा.पा. स्वास्थ्यतर्फ</u> | | | |
| ९-२०७९।९।२१ | बोलपत्र | बंगलामुखी मेडिसिन सप्लायर्स प्रा.लि. भक्तपुर | ११२५४८ |
| ४१-०८०।२।११ | सोझै खरिद | मेडिसर्भ मेडिको मेडिसिन सप्लायर्स, चरिकोट | १८६९७८ |
| ४३-०८०।२।२५ | सोझै खरिद | ग्लोबल हस्पिको प्रा. लि. काठमाडौं | १८०८१५ |
| ४५-०८०।२।२५ | सोझै खरिद | मेडिक्रेष्ट फर्मा प्रा. लि., त्रिपुरेश्वर | ८४७३९६ |
| ४८-०८०।३।१८ | सोझै खरिद | सोहन मेडिहेल्थ, भक्तपुर | २८२१९५ |
| ५३-०८०।३।२२ | सोझै खरिद | मेडिहेल्थ सर्जिकल, त्रिपुरेश्वर | १२५६५९ |
| ५४-०८०।३।२२ | सोझै खरिद | मेडिएड कन्सर्न प्रा. लि., नयाँबजार | १०७९३६ |
| ४१४ ०८०।३।२२ (संघीय सशर्त) | सोझै खरिद | सोहन मेडिहेल्थ, भक्तपुर | १९९९९८ |
| अन्य शीर्षकबाट | सोझै खरिद | विभिन्न सप्लायर्सबाट | ४०५०८८४ |

| | | | |
|---|---|---|---|
| | | **जम्मा** | ७१०६४०९।- |

- आपूर्ति भएका औषधिका उत्पादकले डब्लु.एच.ओ. बाट असल उत्पादन अभ्यास (Good Manufacturing Practice) को प्रमाण-पत्र प्राप्त गरेको हुनुपर्नेमा सो सम्बन्धी अभिलेख तथा प्रमाण पेश नभएको,
- औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन भन्ने खुलाएको प्रमाण संलग्न नभएको ।
- खरिद भएका औषधिको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन भएको नदेखिएको ।
- आपूर्ति भएका औषधी एवम् सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेसिफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न नसकिएको ।
- जिन्सी किताबमा औषधि आम्दानी बाँध्दा खरिद गरेको र स्वास्थ्य कार्यालयबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको ।
- औषधिको मौज्दात घटाउँदा माग फारामको आधारमा घटाउनु पर्नेमा त्यसो नगरी एकमुष्ट घटाउने गरेको ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ १(ख) विपरीत एउटै फर्मबाट एक पटकभन्दा बढी खरिद गरेको ।

अतः औषधिको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको यकिन गरी हस्तान्तरण गर्ने तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधिहरु जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

### ७४ शिक्षक विद्यार्थी अनुपात

संघीय व्यवस्था अनुसार विद्यार्थी शिक्षक अनुपात हिमाली भेगमा ४०:१, पहाडी भेगमा ४५:१ र तराई भेगमा ५०:१ रहने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार शिक्षक विद्यार्थी अनुपात १३.८६ रहेको देखिन्छ । आर्थिक वर्ष २०७९।०८० शिक्षक विद्यार्थी अनुपातको अवस्था देहाय बमोजिम छ ।

**(विस्तृत विवरण अनुसूची ९ मा संलग्न छ ।)**

### ७५ प्रति विद्यार्थी लागत

पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०७९/८० को प्रति विद्यार्थी लागत देहाय बमोजिम रु. ७५०२।- रहेको छ ।

**(विस्तृत विवरण अनुसूची १० मा संलग्न छ ।)**

### ७६ सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) अनुसार सम्बन्धित स्थानीय निकायले सामुदायीक विद्यालयहरुको शैक्षिक गुणस्तर स्थितीको नियमित अनुगमन गरी एक प्रति प्रतिवेदन शिक्षा तथा मानवस्रोत केन्द्रमा पठाउने र सोको कार्यान्यन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने व्यवस्था छ । कार्यालयले आ.व. २०७९।८० मा विद्यालयहरुको शैक्षिक गुणस्तरको अनुगमन गरी

प्रतिवेदन तयार गरेको देखिएन । पालिकाले अन्तर्गतका विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारतर्फ पर्याप्त ध्यान दिनु पर्दछ ।

७७ **निशुल्क पाठ्यपुस्तक वितरण**

***..........(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।११।१६ को निर्णयबाट रु.३,८२,१३१ ।- सम्परीक्षण गरिएको ।)***

७८ **विद्यालयगत निकासा अभिलेख**

अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनीय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनुपर्ने उल्लेख छ । कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पष्ट विवरण खुल्ने गरी अभिलेख राख्नु पर्नेमा यथार्थ विवरण खुल्ने गरी विद्यालयगत निकासा अभिलेख राखेको छैन । जसबाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको रकम बारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकाले विद्यालयगत निकासा रजिष्टर खाता अद्यावधिक गरी राख्नु पर्दछ ।

७९ **सामुदायिक विद्यालयको दरबन्दी र पदपूर्ति**

आर्थिक वर्ष २०७९।०८० मा पालिका भित्रका २८ वटा सामुदायिक विद्यालयको शिक्षक दरबन्दी र पदपूर्ति को अवस्था देहाए बमोजिम रहेको छ ।(यस सम्बन्धी विवरण अनुसूची ७ मा छ ।)

**(विस्तृत विवरण अनुसूची ११ मा संलग्न छ ।)**

८० **विद्यालयको नियमन**

स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२) मा सर्वसामान्यतामा असर नपर्ने गरी गाउँपालिका र नगरपालिकाको काम कर्तब्य अधिकारको खण्ड (ज) (२१) मा सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सो को बजेट व्यवस्थापन, विद्यालयको आय ब्ययको लेखा अनुशासन कायम र नियमन गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो मातहातका सामुदायिक विद्यालयले विद्यालय लेखा दिग्दर्शन बमोजिम नगदी तथा जिन्सीको लेखा राखे नराखेको, कट्टी गरेको कर राजश्व खातामा दाखिला गरे नगरेको, कट्टी गरेको नागरिक लगानी कोष, कर्मचारी सञ्चयकोष सम्बन्धित खातामा दाखिला भए नभएको, विद्यालय लेखापरीक्षणबाट देखिएको बेरुजु फछ्यौट गरे नगरेको र नेपाल सरकारको २०७५।३।३२ को निर्णय बमोजिम विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारी पारीश्रमिक सुविधा अनिवार्य रुपमा बैंक खाता मार्फत् भुक्तानी भए नभएको नियमन गरी प्रतिवेदन गरेको देखिएन । ऐनमा भएको व्यवस्था बमोजिम नियमित रुपमा अनुगमन तथा नियमन गरी प्रतिवेदन तयार गर्नुपर्दछ ।

८१ **अनुदानको उपयोग सम्बन्धमा अनुगमन**

विद्यालय कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८०, कार्यक्रम कार्यान्वयन सम्बन्धी मार्गदर्शन अनुसार स्थानीय तहले विद्यालयहरुमा जाने सबै प्रकारका अनुदानहरुलाई व्यवस्थित गर्न र शिक्षामा हुने लगानी प्रभावकारी बनाउन आफ्नो तहको संयन्त्रमा अनुदान व्यवस्थापन युनिट निर्माण गरी अनुदानको निकासा गर्नुपर्ने व्यवस्था गरेकोमा सो अनुसार कार्य गरेको पाइएन । कार्यालयले आफूले दिएको अनुदानको उपयोगको सुनिश्चितताको लागि अनुगमनको व्यवस्था गर्नुपर्दछ ।

## ८२ शैक्षिक गुणस्तर

पालिका अन्तर्गत रहेका विद्यालयहरुको २०७९ सालको एस.ई.ई. परीक्षामा जम्मा २५५ विधार्थीको सहभागी भएकोमा नतिजाका आधारमा सामुदायिक र संस्थागत विद्यालयको तुलना देहाय बमोजिम रहेको छ ।

| क्र.स. | प्राप्त जी.पी.ए. | जम्मा परीक्षार्थी | उत्तीर्ण विद्यार्थी संख्या | | उत्तीर्ण प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | | | संस्थागत | सामुदायिक | संस्थागत | सामुदायिक |
| १ | ३.६१ - ४.०० | १८ | ० | १८ | ०% | ५.८४% |
| २ | ३.२१ - ३.६० | ६१ | २ | ५९ | ११.७६% | १९.१५% |
| | २.२५ - ३.२० | २२० | ० | २२० | ०% | ७१.४२% |
| ३ | २.२५ भन्दा कम | २६ | ० | २६ | ०% | ८.४४% |
| | **जम्मा** | **३२५** | **२** | | | |

उल्लेखित तालिका अनुसार ३.६१ - ४.०० जिपिए ल्याउने १८ विद्यार्थी मध्ये १८ नै जना, ३.२१ - ३.६० जिपिए ल्याउने ६१ विद्यार्थी मध्ये ५९ जना मात्र सामुदायिक विद्यालयबाट उत्तीर्ण भएको देखिन्छ । जसअनुसार उच्च जिपिए ल्याउने विद्यार्थी सामुदायिक विद्यालयमा न्यून देखिएकाले सामुदायिक शिक्षा/विद्यालयको गुणस्तर सुधारमा थप ध्यान दिनुपर्ने देखिन्छ ।

## ८३ कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान

***✂ ..........(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई आएको आधारमा मिति २०८०।११।१५ को निर्णयबाट रु.४,५१,४९०/- र मिति २०८०।११।१६ को निर्णयबाट रु. २४,८७,६८०/ गरी जम्मा रु.२९,३९,१७०।- सम्परीक्षण गरिएको ।)***

## ८४ शैक्षिक प्रतिवेदन

अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा ३६ को उपदफा (१) मा प्रत्येक पालिकाले गाउँ/नगर सभामा आफ्नो क्षेत्रभित्रका सार्वजनिक र निजी विद्यालय र त्यस्ता विद्यालयमा अध्ययन गर्ने वालवालिकाको संख्या, आधारभूत तहमा विद्यालयमा भर्ना भएका वालवालिकाको संख्या, विद्यालय भर्ना भई आधारभूत तहको शिक्षा पुरा गरेका वालवालिका संख्या, विद्यालय भर्ना भई त्यस वर्ष आधारभूत तहको शिक्षा पुरा नगरी विद्यालय छाडेका विद्यार्थीको संख्या, आधारभूत/माध्यमिक शिक्षाको लागि विनियोजित रकम र त्यसको श्रोत र अन्य आवश्यक कुरा सहितको प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ । उपदफा (२) मा उपरोक्त अनुसारको प्रतिवेदन जानकारीका लागि शिक्षा सम्बन्धी विषय हेर्ने संघीय र प्रादेशिक मन्त्रालयमा समेत पठाउनुपर्ने उल्लेख छ । पालिकाले कानूनमा व्यवस्था भए बमोजिम प्रतिवेदन पेश गरेको देखिएन ।

## ८५ संस्थागत विद्यालयको छात्रवृत्ति

संस्थागत विद्यालयले कुल विद्यार्थीको १० प्रतिशत छात्रवृत्ति विपन्न एवं सिमान्तकृत विद्यार्थीलाई उपलब्ध गराउनु पर्ने व्यवस्था छ । साथै छात्रवृत्ति उपलब्ध गराएका विद्यार्थीहरुको नाम, थर, कक्षा तथा निजको

बाबु आमाको नाम, थर, वतन सहितको विवरण विद्यालयले विद्यालयको सूचना पाटी टाँस गर्ने एवं विद्यालयको वेबसाइट भएमा त्यसमा राखी सार्वजनिक गर्नुपर्ने उल्लेख छ । साथै त्यस्तो विवरण शिक्षा शाखामा समेत पठाउनु पर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका प्रमुख व्यहोराहरु देहाय बमोजिम रहेका छन् । पालिकाले तयार पारेको शैक्षिक सत्र २०७९ को विवरण अनुसार संस्थागत विद्यालयमा अध्यनरत विधार्थी संख्या निम्नानुसार छ।

| सि. नं. | विद्यालयको नाम | विद्यार्थी संख्या | छात्रवृत्तिप्रास गर्नुपर्ने विद्यार्थी संख्या | छात्रवृत्तिप्रास विद्यार्थी संख्या |
|---|---|---|---|---|
| १ | सनराइज एकेडेमी | २१० | २१ | ३५ |
| २ | लालीगुराँस एकेडेमी | १८० | १८ | ३६ |
| ३ | छोरोल्पा एकेडमी | ११५ | १२ | ३० |
| ४ | सिल्भर स्टार एकेडेमी | २७९ | २८ | २८ |
| **जम्मा** | | **७८४** | **७९** | **१२९** |

संस्थागत विद्यालयले तोकिए बमोजिम छात्रवृत्ति प्रदान गरे नगरेको सुनिश्चित हुने तर्फ थप ध्यान दिनुपर्ने देखिन्छ ।

## ८६ दिवा खाजा सम्बन्धमा

वित्तीय हस्तान्तरण मार्फत शशर्त अनुदानमा पाएको रकम खर्च गर्दा तोकिएको आधार र स्वीकृत नर्म्सको आधारमा गर्नुपर्दछ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले आर्थिक वर्ष २०७९।८० को शिक्षातर्फको शसर्त कार्यक्रम कार्यान्वयन पुस्तिकामा पालिकाले दिवा खाजा वापतको अनुदान निकासा गर्दा विद्यालय सञ्चालन भएको दिनलाई मात्र आधार मानेर अनुदान दिने व्यवस्था मिलाउने, स्थानीय तहले दिवा खाजा उपलब्ध गराइएका विद्यालयको विद्यार्थी दैनिक हाजिरी पुस्तिका (परीक्षामा सामेल भएको दिनसमेत) को प्रतिलिपि विद्यालयका प्रधानाध्यापक र विव्यस अध्यक्षबाट प्रमाणित गराई स्थानीय तहमा सङ्कलन गरी सङ्ख्या यकिन भए पश्चात् मात्र थप अनुदान दिने व्यवस्था मिलाउने तथा यसरी तेस्रो त्रैमासिकमा निकासा गर्दा पहिलो र दोस्रो त्रैमासिकमा निकासा गरिएको रकम सदुपयोग भएको सुनिश्चित गरेरमात्र निकासा दिनुपर्ने व्यवस्था छ । विद्यालयहरुले IEMIS तथ्यांक अनुसारकै विद्यार्थीको हाजीरी विवरण पेश गरेकोमा पालिकाले सो तथ्यांकको सत्यापन नगरी यो वर्ष २८ विद्यालयहरुलाई दिवाखाजा बापत रु रु ४४,४३,३००।- निकासा गरेको पाइयो । अतः IEMIS तथ्यांक तथा यथार्थ विद्यार्थी संख्याको सत्यापन गराएर मात्र यस्तो रकम निकासा गर्ने व्यवस्था हुनुपर्दछ ।

## ८७ अनुदान रकमबाट महँगी भत्ता

*.......... (प्रारम्भिक प्रतिवेदन उपर असुल भई आएको प्रमाण पेश भएको आधारमा मिति २०८०।११।१७को निर्णयबाट रु. २,१६,०००।- सम्परीक्षण गरिएको ।)*

## ८८ भर्पाई पेश नभएको

*✂ ...........(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई आएको आधारमा मिति २०८०।११।१६ को निर्णयबाट रु. २,५६,०००।- सम्परीक्षण गरिएको ।)*

८९ **भर्पाई पेश नभएको**

*✂ ...........(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई आएको आधारमा मिति २०८०।११।१६ को निर्णयबाट रु. २,८०,०००।- सम्परीक्षण गरिएको ।)*

९० **बढी निकासा**

*✂ ...........(प्रारम्भिक प्रतिवेदन उपर असुल भई आएको प्रमाण पेश भएको आधारमा मिति २०८०।११।१५ र मिति २०८०।११।१६ को निर्णयबाट रु. ६५४२७३.७०।- सम्परीक्षण गरिएको ।)*

९१ **सिकाइ सामग्री अनुदान**

भौ. नं. २५३-०७९।१।२६ (संघीय सशर्त-चालु)
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) मा खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाइ, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । कार्यालयले २८ विद्यालयलाई प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थापन अनुदान बापत रु. २८७५८५०।- निकासा प्रदान गरेको पाइयो । कार्यक्रम कार्यान्वयन पुस्तिका बमोजिम IEMIS Data को आधारमा निमासा दिएको उल्लेख भए तापनि उल्लिखित अनुदान रकमबाट कार्यक्रमको उद्देश्य अनुरुप विद्यालयहरुले सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थापन गरेको आश्वस्त हुने प्रमाण संलग्न गरेको नपाइएकोले सो सम्बन्धी प्रमाण पेश हुनुपर्दछ ।

९२ **भर्पाई पेश नभएको** (181,182-२०७९-१२-२९):

*✂ ...........(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।११।१६ को निर्णयबाट रु. १७,२९,६४०।- सम्परीक्षण गरिएको ।)*

९३ **वैतेश्वर अस्पताल निर्माण**

वैतेश्वर गाउँपालिकामा १५ शय्याको अस्पताल निर्माण गर्न कार्यालयले आ. व. २०७७।७८ मा रु. १७,३६,९८,५८१।- को लागत अनुमान तयार गरी उक्त कार्य बोलपत्र मार्फत् गराउन प्रकाशित सूचना अनुसार रु. ११,३१,७२,५८६।- (३४.८५ प्रतिशत न्यून) कबोल गर्ने निर्माण व्यवसायी एम.के.बी.सी./एस.एन.एस.पी.एल. जे.भी.सँग २०८०।३।२५ भित्र कार्य सम्पन्न गर्ने गरी मिति २०७८।४।१० मा सम्झौता भई गत आ.व.मा रु. १६०४०६७२।- र यस आ.व. मा रु. २१३९४१५१।— समेत चौथो रनिङ्ग बिलसम्म रु. ३७४३४८२३।- भुक्तानी भएको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन् ।

९३. (६-२०८०-३-२२):
१

**भौ. नं. ६-०८०।३।२२**

**बढी परिमाणको भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा निर्माण कार्यको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा गर्नुपर्ने व्यवस्था छ।नापी किताब तथा बार बेण्डिङ्ग शेड्युल अनुसार चौथो रनिङ्ग बिलसम्म १४३७४३.४२ के.जी. डण्डी खपत भएको देखिएकोमा ठेक्का बिलमा १४८५५२.२२ के.जी. चढाई ४८०८.८० के.जी. बढी परिमाण समावेश गरेको पाइयो । जस अनुसार उक्त आइटमको प्रति के.जी. ९५।- का दरले रु. ४,५६,८३६।- बढी भुक्तानी भएको देखिएकोले बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,५६,८३६ |

९३. **न्यून प्रगति -** निर्माण व्यवसायी एम.के.बी.सी./एस.एन.एस.पी.एल. जे.भी.सँग २०७८।४।१० मा
२ भएको खरिद सम्झौता २०८०।३।२५ भित्र कार्य सम्पन्न गर्नुपर्नेमा उक्त मितिमा ठेक्काको कार्य अवधि शत प्रतिशत समाप्त भएकोमा कार्यप्रगति ३३.०८ प्रतिशत मात्र रहेको पाइयो । खरिद सम्झौताको म्याद २०८०।३।२५ सम्म रहेकोमा त्यसपछि म्याद थप सम्बन्धी कुनै कारबाही भएको देखिएन । अतः निर्माण व्यवसायीको लापरवाहीको कारणबाट ढिलाइ भएकोमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ बमोजिम पूर्व निर्धारित क्षतिपूर्ति लगाई कार्य सम्पन्न गर्नु गराउनुपर्दछ ।

९४ **सिकाइ सामग्री अनुदान**

भौ. नं. २५३-०७९।१।२६ (संघीय सशर्त-चालु)

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) मा खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाइ, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । कार्यालयले २८ विद्यालयलाई प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थापन अनुदान बापत रु. २८७५८५०।- निकासा प्रदान गरेको पाइयो । कार्यक्रम कार्यान्वयन पुस्तिका बमोजिम IEMIS Data को आधारमा निमासा दिएको उल्लेख भए तापनि उल्लिखित अनुदान रकमबाट कार्यक्रमको उद्देश्य अनुरुप विद्यालयहरुले सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थापन गरेको आश्वस्त हुने प्रमाण संलग्न गरेको नपाइएकोले सो सम्बन्धी प्रमाण पेश हुनुपर्दछ ।

९५ **गोपी - जोरमाने सडक स्तरोन्नति (प्याकेज-ए) (प्रदेश समपूरक आयोजना)**

भौ. नं. १८, ४१ (प्रदेश) र २५६ (गा.पा.)

वागमती प्रदेश सरकार र वैतेश्वर गाउँपालिकाको ५०-५० प्रतिशत लागत साझेदरीमा गोपी - जोरमाने स्तरोन्नति कार्यका लागि कार्यालयले यस आ. व. मा रु. १,९३,७६,१९२।- को लागत अनुमान तयार गरी उक्त कार्य बोलपत्र मार्फत् गराउन प्रकाशित सूचना अनुसार रु. ९९,३७,१२६।- (४८.७१ प्रतिशत न्यून) कबोल गर्ने निर्माण व्यवसायी बम्जन कन्स्ट्रक्शनसँग २०८०।२।३० भित्र कार्य सम्पन्न गर्ने गरी मिति २०७९।८।१८ मा सम्झौता भई रु. ९१,७२,७८९।- भुक्तानी भएको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन् ।

**घटी लम्बाइ** -

*.......... (प्रारम्भिक प्रतिवेदन उपर असुल भई आएको प्रमाण पेश भएको आधारमा मिति २०८०।११।१६ को निर्णयबाट रु. ८,२३,७००।- सम्परीक्षण गरिएको ।)*

## ९६ अनुदान व्यवस्थापन

बागमती प्रदेश सरकारबाट जारी प्रदेश एकीकृत अनुदान व्यवस्थापन कार्यविधि, २०७६ कृषक समूह/सहकारीसँग गरेको सम्झौतामा आयोजना कार्यान्वयन सन्तोषजनक रहे नरहेको, अनुदानको उपयोग स्वीकृत क्रियाकलाप अनुसार भए नभएको, ती संस्थाले अन्य निकायबाट अनुदान लिए नलिएको लगायतका विषय अनुगमन गर्नुपर्ने उल्लेख छ । पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष कृषि, पशु लगायतका क्षेत्रमा देहाय बमोजिम अनुदान वितरण गरेको पाइयो ।

| क सं | अनुदानको क्षेत्र | कार्यक्रम संख्या | अनुदान रकम |
|---|---|---|---|
| १ | मसला बाली कार्यक्रम | २ वटा समूह | ४,००,०००। |
| २ | निजी स्तरमा मौरी श्रोत केन्द्र स्थापना | २ वटा फर्म | १५,००,०००। |
| ३ | उन्नत बिउ वितरकलाइ प्रोत्सान अनुदान | १ वटा सहकारी | १,२०,०००। |
| ४ | मकै बाली प्रबर्द्धन कार्यक्रम | ३ वटा कृषक समूह | २,०३,४१६०। |
| ५ | पशु तर्फ | ३ वटा कृषक समूह | ३००००००।० |
| **जम्मा** | | | **७०५४१६०** |

अनुदान रकमबाट कृषकको जीवनस्तरमा आएको परिवर्तन, रोजगारीमा वृद्धि, पुँजी र प्रविधिमा सुधार, राजस्वमा योगदान तथा अन्य सरोकारवालामा सकारात्मक सोच एवं व्यावसायिक अनुशरणबाट आर्थिक गतिविधिमा भएको परिवर्तन जस्ता पक्षमा देखिएको सकारात्मक सूचकको लेखाजोखा गरी अनुदान दिने कार्यलाई व्यवस्थित बनाउनुपर्दछ ।

## ९७ फरक साइजको कुलो निर्माण

### खहरेखोला-मानेडाँडा सिंचाइ आयोजना (प्रदेश विशेष अनुदान)

सार्वजनिक खरिद ऐन, नियमावली बमोजिम स्वीकृत लागत अनुमान तथा डिजाइन अनुसार निर्माण कार्य गर्नुपर्दछ । कार्यालयले खहरेखोला-मानेडाँडा सिंचाइ आयोजना निर्माण कार्य बापत दियाल एण्ड कन्स्ट्रक्शन एण्ड सप्लायर्स प्रा.लि.लाई ३ वटा रनिङ्ग बिलबाट रु. ५३,३९,२२०।- भुक्तानी गरेकोमा निम्न व्यहोरा देखियोः-

स्वीकृत डिजाइन, लागत अनुमान तथा सम्झौता अनुसार ११७५ मी. लम्बाइ, ३० से.मी. चौडाइ र ४५ से.मी. उचाइको आर.सी.सी. कुलो (क्यानल) निर्माण गर्ने उल्लेख भएकोमा नापी किताब अनुसार १०३१.८० मी. लम्बाइ, ६० से.मी. चौडाइ र ४० से.मी. उचाइको आर.सी.सी. कुलो निर्माण भएको देखियो । कुलोको लम्बाइ १४३.२० मी. ले कम गरी चौडाइ ६० से.मी. अर्थात् डबल गरेको पाइयो । यसरी कुलोको साइज डबल गरी लम्बाइ घटाएकोमा सोको प्राविधिक पुष्ट्याइँ तथा भेरिएशन आदेश जारी गरेको पाइएन । स्वीकृत डिजाइन अनुसार काम भएको भए पी.सी.सी. को कार्य परिमाण देहायअनुसार २०.६२४ घ.मी. ले न्यून हुनुपर्ने देखिन्छ । अतः उक्त कार्यको दर प्रति घ.मी. रु.

१६०००।- का दरले रु. ३२९,९८४।- थप व्ययभार परेको सम्बन्धमा सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाई प्राविधिक पुष्ट्याइँ पेश हुनुपर्ने रु.

| स्वीकृत डिजाइन अनुसार कुलोको | | | | |
|---|---|---|---|---|
| **विवरण** | **लम्बाइ मी.** | **चौडाइ मी.** | **उचाइ मी.** | **कार्य परिमाण घ.मी.** |
| क्यानल बेड | १*११७५ | ०.३० | ०.१० | ३५.२५ |
| क्यानल वाल | २*११७५ | ०.१० | ०.४५ | १०५.७५ |
| | | | **जम्मा** | **१४१** |

| नापी किताब अनुसार कुलोको | | | | |
|---|---|---|---|---|
| **विवरण** | **लम्बाइ मी.** | **चौडाइ मी.** | **उचाइ मी.** | **कार्य परिमाण घ.मी.** |
| क्यानल बेड | १*१०३१.८० | ०.६० | ०.१० | ६१.९० |
| क्यानल वाल | २*१०३१.८० | ०.१० | ०.४० | ८२.५४४ |
| | | | **जम्मा** | **१४४.४४** |

| स्वीकृत डिजाइनको आधारमा लम्बाइ घटे अनुसार हुने परिमाण | | | | |
|---|---|---|---|---|
| **विवरण** | **लम्बाइ मी.** | **चौडाइ मी.** | **उचाइ मी.** | **कार्य परिमाण घ.मी.** |
| क्यानल बेड | १*१०३१.८० | ०.३० | ०.१० | ३०.९५४ |
| क्यानल वाल | २*१०३१.८० | ०.१० | ०.४५ | ९२.८६२ |
| | | | **जम्मा हुने परिमाण** | **१२३.८१६** |
| | | | **भुक्तानी भएको परिमाण** | **१४४.४४** |
| | | | **बढी परिमाण** | **२०.६२४** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,२९,९८४ |

## ९८ मालसामान/मेशिन औजारको निरीक्षण

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान तोकिएको प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनुपर्ने व्यवस्था छ । कार्यालयले उपभोक्ता समितिहरु मार्फत् खरिद गर्ने गरेका विभिन्न मेशिन/औजार तथा उपकरण निरीक्षण वा परीक्षण गराउने गरेको देखिएन । साथै कतिपय मालसामान प्राविधिक स्पेसिफिकेशन तयार पारेको समेत देखिएन । अतः आपूर्ति गरिएका मालसामान तथा मेशिन/औजार तोकिएको प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भएको आश्वस्तताको लागि

प्राविधिक स्पेसिफिकेशन निर्धारण गरी निरीक्षण वा परीक्षण गर्ने व्यवस्थ हुनुपर्दछ । मेशिन/औजारहरु उपभोक्ता समिति मार्फत् खरिद भई गुणस्तर परीक्षण नभएका केही उदाहरण देहाय अनुसार छन्-

| भौ.नं./मिति | विवरण | लाभग्राही संस्थाको नाम | अनुदान रकम रु. |
|---|---|---|---|
| २४४-080।१।२२ (संघ सशर्त चालु) | मिनिटिलर-२ थान, कर्न सेलर-२ सेट, कम्बाइन राइस मिल-२ सेट | लालिगुँरास महिला कृषक समूह-३ | ५८0000 |
| २५१-080।२।२५ (संघ सशर्त चालु) | मिनिटिलर-२ थान, कर्न सेलर-२ सेट, कम्बाइन राइस मिल-२ सेट | सिर्जनशील कृषि सहकारी संस्था | ५८0000 |

९९ **भौ. नं. १६२-०७९।१२।९(संघीय सशर्त-चालु)** (162-२०७९-१२-९):

✂ ........... ***(प्रारम्भिक प्रतिवेदन उपर असुल भई आएको प्रमाण पेश भएको आधारमा मिति २०८०।११।१५ र मिति २०८०।११।१६ को निर्णयबाट रु. ६४,३१७।- सम्परीक्षण गरिएको ।)***

१०० **नयाँ बाखा पकेट विकास कार्यक्रम** (१०६-२०७९-१०-१६):

बागमती प्रदेश सरकारबाट जारी प्रदेश एकीकृत अनुदान व्यवस्थापन कार्यविधि, २०७६ कृषक समूह/सहकारीसँग गरेको सम्झौतामा आयोजना कार्यान्वयन सन्तोषजनक रहे नरहेको, अनुदानको उपयोग स्वीकृत क्रियाकलाप अनुसार भए नभएको, ती संस्थाले अन्य निकायबाट अनुदान लिए नलिएको लगायतका विषय अनुगमन गर्नुपर्ने उल्लेख छ । कार्यालयले प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रम अन्तर्गत नयाँ बाखा पकेट विकास कार्यक्रमको लागि विभिन्न ६ कृषि तथा पशुपंक्षी फर्मलाई रु. २४०,०००।- का दरले बाखा खरिदको ५० प्रतिशत अनुदान बापत रु. १४४००००।- प्रदान गरेकोमा निम्न व्यहोरा देखियोः-

क) स्वीकृत जिल्लादर अनुसार प्रजनन् योग्य बाखाको दर प्रति के.जी. रु. ७५०।- रहेकोमा बाखाको तौल तथा तिनीहरुको स्वास्थ्य अवस्था, प्रजनन् क्षमता आदि खुलाएको नपाइएको,

ख) छ वटा फर्मले स्थानीय कृषकहरुसँग भर्पाईका आधारमा २५ देखि ३५ वटासम्मका दरले १८० वटा स्थानीय खरी जातका बाखा खरिद गरेको देखिएको,

ग) सबै फर्मको स्वामित्त्व एकल रहेकोमा बाखा पालनका लागि उचित खोर तथा अन्य आवश्यक पूर्वाधार रहे नरहेको सम्बन्धमा खुलासा गरेको नपाइएको,

घ) अनुदानको उपयोग स्थिति तथा उपलब्धिको अनुगमन गरेको समेत नदेखिएको ।

अतः अनुदान रकमबाट कृषकको जीवनस्तरमा आएको परिवर्तन, रोजगारीमा वृद्धि, पुँजी र प्रविधिमा सुधार, राजस्वमा योगदान तथा अन्य सरोकारवालामा सकारात्मक सोच एवं व्यावसायिक अनुशरणबाट आर्थिक गतिविधिमा भएको परिवर्तन जस्ता पक्षमा देखिएको सकारात्मक सूचकको लेखाजोखा गरी अनुदान दिने कार्यलाई व्यवस्थित बनाउनुपर्दछ ।

**१०१ गोपी - जोरमाने सडक स्तरोन्नति (प्याकेज-बी) (प्रदेश समपूरक आयोजना)**

भौ. नं. ४४ (प्रदेश) र २५६ (गा.पा.)

वागमती प्रदेश सरकार र वैतेश्वर गाउँपालिकाको ५०-५० प्रतिशत लागत साझेदरीमा गोपी - जोरमाने स्तरोन्नति कार्यका लागि कार्यालयले यस आ. व. मा रु. ९७,२१,८०४।- को लागत अनुमान तयार गरी उक्त कार्य बोलपत्र मार्फत् गराउन प्रकाशित सूचना अनुसार रु. ५६,१७,२८७।- (४२.२२ प्रतिशत न्यून) कबोल गर्ने निर्माण व्यवसायी हर्क निर्माण सेवासँग २०८०।२।३० भित्र कार्य सम्पन्न गर्ने गरी मिति २०७९।११।१८ मा सम्झौता भई रु. ४९,०३,२५७।- भुक्तानी भएको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन् ।

**सोधभर्ना लिनुपर्ने -**

☞ .......... ***(प्रारम्भिक प्रतिवेदन उपर सोधभर्नाको प्रमाण पेश भई आएकोले मिति २०८०।११।१५ को निर्णयबाट रु. ४,२८,३३९।- सम्परीक्षण गरिएको ।)***

**१०२ लागत अनुमान तथा सम्झौता अनुसार कार्य नभएको**

**यार्सा-काब्रे-गा. पा. पाँडुडाँडा खानेपानी आयोजना (संघ विशेष अनुदान)**

सार्वजनिक खरिद ऐन, नियमावली बमोजिम स्वीकृत लागत अनुमान तथा डिजाइन अनुसार निर्माण कार्य गर्नुपर्दछ । कार्यालयले यार्सा-काब्रे-गा. पा. पाँडुडाँडा खानेपानी आयोजना निर्माण कार्य बापत युङडुङ कन्स्ट्रक्शन प्रा.लि.लाई ४ वटा रनिङ्ग बिलबाट रु. ९१,२८,५९४।- भुक्तानी गरेकोकोमा निम्न व्यहोरा देखियोः-

स्वीकृत लागत अनुमान तथा सम्झौता अनुसार २३.२५० कि.मी. पाइपलाइन तथा २०० वटा ट्याप स्ट्याण्ड (धारा) निर्माण हुनुपर्नेमा नापी किताब अनुसार ३५.१३६ कि.मी. पाइपलाइन तथा १४० वटा धारा निर्माण भएको पाइयो । यसरी पाइपलाइनमा ५१.१२ प्रतिशत बढी तथा धारा संख्यामा ३० प्रतिशतले घटी कार्य गरेकोमा सोको प्राविधिक पुष्ट्याइँ तथा भेरिएशन आदेश जारी गरेको पाइएन । पाइपलाइन तथा धारा संख्या घटी/बढी गरी ठेक्का फरफारक गरेको सम्बन्धमा सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाई प्राविधिक पुष्ट्याइँ पेश हुनुपर्दछ ।

**१०३ बाख्रा खरिद अनुदान (गाउँपालिका चालुतर्फ)**

☞ .......... ***(प्रारम्भिक प्रतिवेदन उपर नियमित भई आएको प्रमाण पेश भएको आधारमा मिति २०८०।११।२४ को निर्णयबाट रु. ९,००,०००।- सम्परीक्षण गरिएको ।)***

**१०४ एफ्. एम्. रेडियो सञ्चालन (गाउँपालिका चालुतर्फ)**

☞ .......... ***(प्रारम्भिक प्रतिवेदन उपर नियमित भई आएको प्रमाण पेश भएको आधारमा मिति २०८०।११।२४ को निर्णयबाट रु. १०,००,०००।- सम्परीक्षण गरिएको ।)***

१० **लागत अनुमान तथा सम्झौता अनुसार कार्य नभएको**

५ वैतेश्वर-खानेपानी आयोजना, नाम्दु (प्रदेश विशेष अनुदान)

सार्वजनिक खरिद ऐन, नियमावली बमोजिम स्वीकृत लागत अनुमान तथा डिजाइन अनुसार निर्माण कार्य गर्नुपर्दछ । कार्यालयले वैतेश्वर-खानेपानी आयोजना खानेपानी आयोजना निर्माण कार्य बापत लुक्ला ड्रिलिङ्ग एण्ड कन्स्ट्रक्शन प्रा.लि.लाई २ वटा रनिङ्ग बिलबाट रु. ४७,२७,०९०।- भुक्तानी गरेकोमा निम्न व्यहोरा देखियोः-

स्वीकृत लागत अनुमान तथा सम्झौता अनुसार १४.२०० कि.मी. पाइपलाइन तथा ६० वटा ट्याप स्टयाण्ड (धारा) निर्माण हुनुपर्नेमा नापी किताब अनुसार ८.१३३ कि.मी. पाइपलाइन तथा ७५ वटा धारा निर्माण भएको पाइयो । यसरी पाइपलाइनमा ४२.७३ प्रतिशत घटी तथा धारा संख्यामा २५ प्रतिशतले बढी कार्य गरेकोमा सोको प्राविधिक पुष्ट्याइँ तथा भेरिएशन आदेश जारी गरेको पाइएन । पाइपलाइन तथा धारा संख्या घटी/बढी गरी ठेक्का फरफारक गरेको सम्बन्धमा सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाई प्राविधिक पुष्ट्याइँ पेश हुनुपर्दछ ।

१० **नर्म्सको प्रयोग**

६ नाम्दु-पाँडुडाँडा सडक उ.स.

सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली, २०६४ एवम् स्वीकृत नर्म्स बमोजिम लागत अनुमान तयार गर्नुपर्दछ । स्वीकृत नर्म्स नं. 7-२ (Gha) अनुसार १ घ.मी. पी सी सी (१:२:४) कार्यको लागि दक्ष कामदार १ र अदक्ष कामदार संख्या ४ रहेकोमा कार्यालयले अदक्ष कामदार संख्या ५.०६ राखी लागत अनुमान तयार गरेको पाइयो । अदक्ष कामदारको ज्याला दर रु. ९५०।- को आधारमा प्रति घ.मी. पी सी सी कार्यमा रु. १००७।- थप लागत परेको देखियो । नापी किताब अनुसार उक्त सडक ढलान कार्यमा १७२.६६ घ.मी. पी सी सी भएको आधारमा रु. १७३८६९।- बढी भुक्तानी भएको देखिएकोले बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,७३,८६९ |

१० **ढुङ्गाको प्रयोग** (१७८-२०७९-११-२):

७ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा निर्माण कार्यको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले सालेकटेरो-तोरीस्वाँरा सडक उपभोक्ता समितिलाई रु. ४,००,000।- भुक्तानी गरेको देखिन्छ । संलग्न नापी किताब अनुसार यो सडक एक्साभेशन कार्यमा ब्रेकरको प्रयोग समेत गरी १० प्रतिशत मिडियम रक कटिङ्गको कार्य भएको देखिन्छ । तर खनिएको सडकमा स्टोन सोलिङ्ग गर्दा रक कटिङ्गबाट प्राप्त हुने ढुङ्गा प्रयोगमा ल्याएको देखिएन । योजना अन्तर्गत यो वर्ष २२७.७७ घनमिटर स्टोन सोलिङ्ग भएको देखिन्छ । रक कटिङ्गबाट प्राप्त ढुङ्गा कम्तीमा एक तिहाइ ढुंगा प्रयोगमा ल्याउन सकिने आधारमा ११३.८९ घनमिटर ढुङ्गा स्टोन सोलिङ्ग तथा वाल निर्माणमा प्रयोगमा ल्याउन सकिने देखिन्छ । स्टोन सोलिङ्ग तथा ड्राइ वालको कार्य २२.२५ घ.मी. भएकोले प्रति घ.मी. ढुङ्गाको लागत रु. १९३२।- का दरले रु. ४२,९८७।- लागतमा कमी ल्याउन सकिनेमा सो अनुसार गरेको नपाइएकोले थप व्ययभार परेको रु.

| | |
|---|---|
| अनियमित भएको | ४२,९८७ |

## १०८ सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरणः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरी अभिलेख राखेको पाइएन । अतः आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गरी अभिलेख राख्नुपर्दछ ।

## १०९ कर संकलन

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिकाको यस वर्ष आन्तरिक आयको अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| आन्तरिक आय | १,८७,००,०००।- | १,९६,५४,६३२।- | १०५.१०% |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष अनुमानको तुलनामा ५.१० प्रतिशत बढी आन्तरिक आय संकलन गरेको देखिन्छ । अतः पालिकाले संघीय र प्रदेश सरकार प्रतिको निर्भरता घटाउँदै आन्तरिक आयको हिस्सा बढाउने तर्फ ध्यान दिनुपर्दछ ।

## ११० संकलित राजस्व समयमा दाखिला नभएको

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ को उपदफा (१) र (२) मा प्रचलित कानून बमोजिम प्राप्त हुने राजस्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले तोकिए बमोजिमको ढाँचामा राजस्वको लेखा राखी बैंक दाखिला गर्नुपर्ने व्यवस्था छ । त्यस्तै दफा २८ मा १० दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको १० प्रतिशतले जरिबाना गरी सो समेत दाखिला गराउने र सोभन्दा बढी ढिला गरेको भए १० प्रतिशतका दरले जरिबाना गरी दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्न, गराउन सक्ने व्यवस्था छ । गाउँपालिका तथा अन्तर्गतका वडा कार्यालयहरुबाट यो वर्ष रु. १,७५,३२,३२४ राजस्व संकलन भएको देखिन्छ । वडा कार्यालयहरुबाट संकलन हुने भूमि तथा मालपोत दस्तुर, सिफारिश दस्तुर, सम्पत्ति कर, बहाल कर लगायतका राजस्व उल्लिखित कानुनमा भएको व्यवस्था अनुसार तोकिएको अवधिभित्र दाखिला गरेको देखिएन । वडा कार्यालयहरुले त्यस्तो राजस्व रकम २ महिना १६ दिनसम्म ढिला गरी अर्थात् २०७९ भाद्रमा संकलन गरेको राजस्व २०७९ मंसिर १६ मा मात्र दाखिला गरेको पाइयो । वडा कार्यालयहरुबाट संकलित राजस्वको नमूना छनोट गरी २०७९ श्रावण र भाद्र महिनाको राजस्व संकलन तथा दाखिला स्थिति परीक्षण गर्दा देहायअनुसार देखियोः-

| वडा नं. | संकलन मिति | बैङ्क जम्मा मिति | संकलित रकम |
|---|---|---|---|
| १ | २०७९ श्रावण महिना | २०७९।०५।०२ | ७८५३६।६७ |
| | २०७९ भाद्र महिना | २०७९।०७।१६ | ४४४२२ |

| | | | |
|---|---|---|---|
| २ | २०७९ श्रावण महिना | २०७९।०५।०२ | २७३५१।९७ |
| | २०७९ भाद्र महिना | २०७९।०६।०५ | २८४३५।५४ |
| ३ | २०७९ श्रावण महिना | २०७९।०५।०५ | ५०४९४।८३ |
| | २०७९ भाद्र महिना | २०७९।०६।०४ | ५२२४९।९५ |
| ४ | २०७९ श्रावण महिना | २०७९।०५।०६ | ७५३९५।३२ |
| | २०७९ भाद्र महिना | २०७९।०६।०२ | ५२७३७।२० |
| ५ | २०७९ श्रावण महिना | २०७९।०५।०१ | ३०६८५।३० |
| | २०७९ भाद्र महिना | २०७९।०६।०२ | ४५२६६।३५ |
| ।६ | २०७९ श्रावण महिना | २०७९।०५।०७ | ४६८४५ |
| | २०७९ भाद्र महिना | २०७९।०६।११ | २७५८३।३३ |
| ७ | २०७९ श्रावण महिना | २०७९।०५।०६ | ४८१२१।७८ |
| | २०७९ भाद्र महिना | २०७९।०६।०४ | ६६९५४।४७ |
| ८ | २०७९ श्रावण महिना | २०७९।०५।०१ | ६१९३७।४८ |
| | २०७९ भाद्र महिना | २०७९।०६।०२ | ७९१६५।३७ |

कार्यालयबाट संकलित राजस्व कानून बमोजिम समयमै दाखिला गर्ने गराउनेतर्फ आवश्यक ध्यान जानुपर्ने देखिन्छ । साथै वडा कार्यालयहरुबाट ढिला राजस्व भएको अवधि गणना गरी कानून अनुसार शुल्क तथा जरिबाना असूल गर्नुपर्दछ ।

११ **करको दायरा**

१ आर्थिक वर्ष २०७९/८० सम्ममा सम्पत्ति र व्यवसाय कर तिर्ने करदाताको विवरण देहायनुसार रहेको छः

| करको नाम | जम्मा करदाता | कर तिर्ने करदाता | कर तिर्ने करदाताको प्रतिशत | करको दायरामा नआएका करदाता | कर नतिर्ने करदाताको प्रतिशत |
|---|---|---|---|---|---|
| सम्पत्ति कर | ४५३० | ४४८४ | ९९ प्रतिशत | ४६ जना | १ प्रतिशत |
| व्यवसाय कर | ५३ | ५३ | १०० प्रतिशत | ० | ० |

सम्पत्तिकर तर्फ १ प्रतिशत करदाता करको दायराभन्दा बाहिर रहेको देखियो । अतः पालिका भित्र रहेका सम्पूर्ण करदातालाई करको दायरा, क्षेत्र र करको दर समेतको विश्लेषण गरी पालिकाबाट प्रवाह हुने सेवासँग करदाताको प्रत्यक्ष सम्बन्ध स्थापित हुने गरी नीति तथा कार्यक्रम संचालनमा ध्यान दिनुपर्दछ ।

११२ **सामाजिक सुरक्षा**

आर्थिक वर्ष २०७९।८० मा पालिकाले वितरण गरेको सामाजिक सुरक्षा रकम र लाभग्राहीको विवरण देहाय बमोजिम रहेको छ ।

| पालिकाको जनसंख्या (२०७८ सालको जनगणना अनुसार) | लाभग्राही संख्या | लाभग्राही प्रतिशत | सामाजिक सुरक्षा रकम रु. |
|---|---|---|---|
| १७८९६ | ३१२६ | १७ प्रतिशत | १२,०७,९६,२३६। |
| **जम्मा** | | | **१२,०७,९६,२३६।** |

## ११३ नागरिकता नम्बर एकै भएका लाभग्राही

नेपाल सरकारले जारी गर्ने नागरिकता परिचयपत्र नं. एक व्यक्तिको एकै हुने गरी जारी गर्दछ । यस पालिका अन्तर्गतका वडाको प्रथम त्रैमासिकको लागि निकासा भएको सामाजिक सुरक्षा भत्ता निकासाको विवरण नमुना परीक्षण गर्दा निम्न व्यक्तिहरुको नागरिकता प्रमाणपत्र नं. दोहोरो परेको देखिएको छ । यस पालिका अन्तर्गतका वडा कार्यालयहरुले प्रत्येक त्रैमासिकको सामाजिक सुरक्षा भत्ता पाउनेहरुको लाभग्राहीहरुको विवरण परीक्षण गरी लगत कट्टा गर्ने वा दोहोरो परेको भए सम्बन्धितबाट असुल गरी एम. आइ. एस. प्रणालीमा अद्यावधिक गर्नुपर्ने देखिन्छ ।

| व्यक्तिगत परिचय नं. | नाम (अंग्रेजीमा) | जन्म मिति | वडा नं. | नागरिकता नं | भत्ता |
|---|---|---|---|---|---|
| 2001010600589 | Bishnu Maya Sarki | 6-1-2001 | ६ | 221040355 | १२००० |
| 2034080300467 | Kalpana Tamang Ghimire | 3-8-2034 | | 221040355 | ७८८० |
| 2009010903135 | Dan Bahadur Kafle | 09-01-2009 | | 1236 | १२००० |
| 2004060100452 | Deu Maya Shiwakoti | 1-6-2004 | | 1236 | १२००० |
| 2002123041455 | Hari Prasad Dahal | 30-12-2002 | | 368 | १२००० |
| 2001123058576 | Kumari Tamang | 30-12-2001 | | 368 | १२००० |
| 2011010207905 | NIL PRASAD GHIMIRE | 02-01-2011 | | 970 | १२००० |
| 2001020501355 | Putal Bhuje | 5-2-2001 | | 970 | १२००० |
| 2005101700596 | Gumbe Sharki | 17-10-2005 | | 1292 | १२००० |
| 2021111100453 | Tirtha Kumari Thapa | 11-11-2021 | | 1292 | ७९८० |
| 2006063000142 | Padam Kumari Rimal | 30-6-2006 | ७ | 3239 | १२००० |
| 2004091400218 | Yashoda Rimal | 14-9-2004 | | 3239 | १२००० |
| जम्मा | | | | | १३५८६० |

# अनुसूचीहरू

अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

**आर्थिक बर्ष - २०७९/८०**

**कार्यालय र स्थान -** वैतेश्वर गाउँपालिका, दोलखा ।

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Ganesh Ram Pokhrel | २०७७-११-३ | २०७९-४-९ |
| कार्यालय प्रमुख | Ganesh Ram Pokharel | २०७८-४-१ | २०७९-४-११ |
| कार्यालय प्रमुख | RISHIRAM GYAWALI | २०८०-८-५ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Uttam Dahal | २०७९-१०-२४ | हाल सम्म कार्यरत |

**बेरुजु वर्गीकरण -**

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ३,९०१,६२८.७ | ९,११२,४९५ | ९,६५२,६२१ | ० | ४२८,३३९ | ७,९००,००० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ३०,९९५,०८३.७ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | १६,७५७,२६८.७ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | १४,२३७,८१५ |

**स्थानीय तह -**

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ५६४५४५६३ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३४४५८८४२२ | **चालु खर्च** | ३४४७४८७५४ |

| | | | |
|---|---|---|---|
| प्रदेश सरकारबाट अनुदान | ७२०६०३०७ | पूँजीगत खर्च | १८८८५८६३८ |
| राजश्व बाँडफाँट | ८४१५५०८७ | वित्तीय/अन्य व्यवस्था | ०.० |
| आन्तरिक आय | १६८१४०५१ | | |
| अन्य आय | ५२८१३६३.० | | |
| कुल आय | ५२२८९९२३० | कुल खर्च | ५३३६०७३९२ |
| बाँकी मौज्दात | | ४५७४६४०१ | |

बेरूजु दफा २ सँग सम्बन्धित विवरण - अनुसूची -३

| आ.व. : २०७९/८० अवधी : २०७९/०४/०१ - २०८०/०३/३१ | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| प्राप्ती भुक्तानी हिसाव | | | | | | | | |
| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत /सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत /सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ६०,७३,८५,७१६.५५ | ५२,२८,९९,२३०.४४ | | ५२,२८,९९,२३०.४४ | ४८,४२,६६,९१२.७५ | | ४८,४२,६६,९१२.७५ |
| क. प्राप्ति (संचित कोषमा आम्दानी बाँधिने) | | ५९,६९,०४,१०५.२५ | ५१,७६,१७,८६७.४४ | ० | ५१,७६,१७,८६७.४४ | ४७,५५,४०,९०७.७५ | ० | ४७,५५,४०,९०७.७५ |
| ११००० कर | ११ | १०,९२,५१,६६६.०० | ८,४१,५५,०८७.४४ | ० | ८,४१,५५,०८७.४४ | ८,१६,८४,८१३.४० | ० | ८,१६,८४,८१३.४० |
| १३००० अनुदान | | ४५,६५,९६,०००.०० | ४१,६६,४८,७२९.०० | ० | ४१,६६,४८,७२९.०० | ३८,५५,६६,०२७.०० | ० | ३८,५५,६६,०२७.०० |
| संघीय सरकार | १२ | ३७,४७,१०,०००.०० | ३४,४५,८८,४२२.०० | ० | ३४,४५,८८,४२२.०० | ३३,९५,५५,६४८.०० | ० | ३३,९५,५५,६४८.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| प्रदेश सरकार | १२ | ८,१८,८६,० ००.०० | ७,२०,६०,३ ०७.०० | ० | ७,२०,६०,३ ०७.०० | ४,६०,१०,३ ७९.०० | ० | ४,६०,१०,३ ७९.०० |
| १४००० अन्य राजस्व | | ९६,०५,५० ०.०० | १,६८,१४,० ५१.०० | ० | १,६८,१४,० ५१.०० | ८२,९०,०६ ७.३५ | ० | ८२,९०,०६ ७.३५ |
| ३२००० वित्तीय सम्पत्ति | | २,१४,५०,९ ३९.२५ | ० | ० | ० | ० | ० | ० |
| ख. अन्य प्राप्ति | | १,०४,८१,६ ११.३० | ५२,८१,३६ ३.०० | | ५२,८१,३६ ३.०० | ८७,२६,०० ५.०० | | ८७,२६,०० ५.०० |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० |
| कोषहरु | | १,०४,८१,६ ११.३० | २,७७,७३०. ०० | ० | २,७७,७३०. ०० | ५९,४५,४० ९.०० | ० | ५९,४५,४० ९.०० |
| धरौटी | | ० | ५०,०३,६३ ३.०० | ० | ५०,०३,६३ ३.०० | २७,८०,५९ ६.०० | ० | २७,८०,५९ ६.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ६०,७३,८५, ७१६.५५ | ५३,३६,०७, ३९२.४५ | | ५३,३६,०७, ३९२.४५ | ४७,५९,२८, ६८८.०० | | ४७,५९,२८, ६८८.०० |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ५९,६९,०४, १०५.२५ | ५२,६५,४९, ०५५.०० | | ५२,६५,४९, ०५५.०० | ४६,६७,७५, २८२.०० | | ४६,६७,७५, २८२.०० |
| २१००० पारिश्रमिक / सुविधा | १८ | २२,०३,२३, १०५.२५ | २०,१८,४५, २८१.०० | ० | २०,१८,४५, २८१.०० | १७,५३,८८, ७३८.०० | ० | १७,५३,८८, ७३८.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १०,७५,०१,७२०.०० | ९,०४,४०,९५१.०० | ० | ९,०४,४०,९५१.०० | ७,५१,०९,११०.०० | ० | ७,५१,०९,११०.०० |
| २५००० सहायता (Subsidy) | १८ | ३,२८,१५,०००.०० | २,९०,३८,५२९.०० | ० | २,९०,३८,५२९.०० | ३,६०,१९,२२१.०० | ० | ३,६०,१९,२२१.०० |
| २६००० अनुदान | १८ | २९,४३,०००.०० | २९,४२,७२०.०० | ० | २९,४२,७२०.०० | ११,३१,१६५.०० | ० | ११,३१,१६५.०० |
| २७००० सामाजिक सुरक्षा | १८ | १,३५,७८,२८०.०० | १,१४,४२,५८६.०० | ० | १,१४,४२,५८६.०० | १,०७,००,००७.०० | ० | १,०७,००,००७.०० |
| २८००० अन्य खर्च | १८ | २२,००,०००.०० | १९,८०,३५०.०० | ० | १९,८०,३५०.०० | २७,९०,९०६.०० | ० | २७,९०,९०६.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २१,७५,४३,०००.०० | १८,८८,५८,६३८.०० | ० | १८,८८,५८,६३८.०० | १६,५६,३६,१३५.०० | ० | १६,५६,३६,१३५.०० |
| ३२००० वित्तीय सम्पत्ति | १८ | ० | ० | ० | ० | ० | ० | ० |
| घ. अन्य भूक्तानी | | १,०४,८१,६११.३० | ७०,५८,३३७.४५ | | ७०,५८,३३७.४५ | ४७,५९,२८,६८८.०० | | ४७,५९,२८,६८८.०० |
| कोषहरु | | १,०४,८१,६११.३० | ३५,२९,०९९.८० | ० | ३५,२९,०९९.८० | ६१,९२,४७५.०० | ० | ६१,९२,४७५.०० |
| धरौटी | | ० | ४४,४९,८२०.६५ | ० | ४४,४९,८२०.६५ | २९,६०,९३१.०० | ० | २९,६०,९३१.०० |
| संघीय, प्रदेश | | ० | ० | ० | ० | ० | ० | ० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| सरकार वा अन्य कार्यक्रम | | | | | | | | |
| कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी | | | (९,२०,५८३.००) | | (९,२०,५८३.००) | | | |
| ङ. यो वर्षको बचत (न्युन) | | | (१,०७,०८,१६२.०१) | | (१,०७,०८,१६२.०१) | ८३,३८,२२४.७५ | | ८३,३८,२२४.७५ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ५,६४,५४,५६३.७५ | | ५,६४,५४,५६३.७५ | २,८३,६१,१५६.५० | | २,८३,६१,१५६.५० |
| वर्षान्तको बाकी रकम (ङ + च) | | | ४,५७,४६,४०१.७४ | | ४,५७,४६,४०१.७४ | ३,६६,९९,३८१.२५ | | ३,६६,९९,३८१.२५ |
| बैंक तथा नगद बाकी | २४ | | २,६६,३२,२९७.५४ | | २,६६,३२,२९७.५४ | ३,२८,०४,८४९.२५ | | ३,२८,०४,८४९.२५ |

बेरूजु दफा १४ सँग सम्बन्धित विवरण - अनुसूची -४

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | |
| १ | संघीय पूँजीगत | २४५९३ | ० | ५४७५ | २४०४६ | ७६९९ |
| २ | प्रदेश पूँजीगत | ५३७५३ | ० | १४०९४ | ३९६५९ | १४२९२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | गाउँपालिका पूँजीगत | १०७७९१ | १०१९७ | ४१०६७ | ५६५२७ | १४०११ |
| | कूल खर्च | १८६१३७ | १०१९७ | ६०६३६ | १२०२३२ | ३६००१ |
| | खर्च प्रतिशत | १००% | ५.४८% | ३२.५७% | ६४.६% | १९.३४% |

गाउँपालिकाबाट प्राप्त विवरणअनुसार वार्षिक रु.१८,६१,३७,०००।- निकासा भएकोमा प्रथम त्रैमासिकमा रु १,०१,९७,०००- (५.४ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.६,०६,३६,०००।- (३२.५७ प्रतिशत) र तेस्रो त्रैमासिकमा रु.१२,०२,३२,०००।- (६४.५९ प्रतिशत) खर्च गरेको देखिएको छ यसरी नै आषाढ महिनामा मात्र रु.३,६०,०१,०००।- (१९.३४ प्रतिशत) खर्च देखिनुले अन्तिम त्रैमासिक तथा आषाढ महिनामा आएर खर्चको चाप परेको देखिन्छ । जसले गर्दा सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित रुपमा खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तर तथा दिगोपनामा असर पर्ने देखिएकोले अन्तिम त्रैमासिक तथा आषाढमा अधिक खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

**बेरूजु दफा २८ सँग सम्बन्धित विवरण - अनुसूची -५**

| कार्यक्रम/ शीर्षक | खरिद सम्झौता | | | | | | | | यस वर्ष सम्पन्न | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कुल जम्मा | | प्रथम चौमासिक | | दोस्रो चौमासिक | | तेस्रो चौमासिक | | | |
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| **बोलपत्रबाट** | १२ | ७,९०,७८ | १ | ७४,९५ | ४ | ३,७८,७२ | ७ | ३,९०,११ | १२ | ७९०७८ |
| **सिलबन्दी दरभाउपत्रबाट** | १ | ९,९५, | | | | | | | १ | ९९५ |

उल्लेखित विवरण अनुसार यो वर्ष कार्यालयले विभिन्न कार्यको लागि रू. ८ करोड ७३ हजार लागतको १३ ठेक्का बन्दोबस्त गरेकोमा प्रथम चौमासिकमा रु. ७४ लाख ९५ हजारको १ ठेक्का, दोश्रो चौमासिकमा रु. ३ करोड ७८ लाख ७२ हजारको ४ ठेक्का र तेश्रो चौमासिकमा रु. ३ करोड ९० लाख ११ हजारको ७ ठेक्का व्यवस्थापन भएको देखिन्छ । यो वर्ष भएको ठेक्का व्यवस्थापन मध्ये वर्षान्त सम्ममा रू. ८ करोड ७३ हजार बराबरको १३ ठेक्का मात्र सम्पन्न भएको अवस्था छ । यसरी अन्तिम चौमासिक वा वर्षान्तमा बढी कार्यक्रम सञ्चालन गर्दा आउन सक्ने नकारात्मक स्थिति तर्फ ध्यान दिनुपर्दछ ।

**बेरूजु दफा ३५ सँग सम्बन्धित विवरण - अनुसूची -६**

| **क्र.स.** | **कामको विवरण** | **परार्मशदाताको नाम** | **लागत अनुमान रु.** | **सम्झौता रकम रु.** | **घटी प्रतिशत** | **खरिद विधि** |
|---|---|---|---|---|---|---|
| १ | गढीडाँडा पिकनिक पार्कको डी.पी.आर. तयारी | Sugi Consultant Pvt Ltd | ५०००००।- | ४७९१२० | ४.१८ | सोझै खरिद |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | देउराली हनुमान पार्कको डी.पी.आर. | Build More Consult Pvt Ltd | ५०००००।- | ४९५५०५ | ०.९ | सोझै खरिद |
| ३ | Inittial Env. Evaluation | Rymes Engineering Consultant Pvt Ltd | ५०००००।- | ४९५२२२ | ०.९६ | सोझै खरिद |
| | **जम्मा** | | १५०००००।- | १४६९८४८ | २.०१ | |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष डी.पी.आर. तथा आई ई ई कार्यमा सोझै खरिद विधिबाट ३ वटा सेवा खरिदका लागि जम्मा रु. १५०००००।- को लागत अनुमान तयार गरी सम्झौता अनुसार रु. १४६९८४८।- भुक्तानी गरेको छ । उक्त खरिद गर्दा लागत अनुमानको तुलनामा औसतमा २.०१ प्रतिशत कम रकममा खरिद सम्झौता भएको देखिन्छ । पालिकाले यस्तो कार्य गर्दा सम्भव भए सम्म कार्यालयकै प्राविधिक जनशक्तिबाट गराउने तथा परामर्श सेवा खरिद गर्नुपर्दाको अवस्थामा प्रतिस्पर्धात्मक विधिको अवलम्बन गरी सार्वजनिक खर्चमा अधिकतम् मितव्ययिता कायम गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

बेरूजु दफा ५८ सँग सम्बन्धित विवरण - अनुसूची -७

| सहकारी संस्थाको किसिम | संख्या | सदस्य संख्या | शेयर पूँजी रु | बचत रु | ऋण लगानी रु | जगेडा कोष |
|---|---|---|---|---|---|---|
| वचत तथा ऋण सहकारी संस्था लिमिटेड | १४ | ७९१४० | ३५७६१५५५० | ३१४८६२३७९३ | १८३४९७३७७८ | ३१६३९१८१३ |
| बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड | ३ | ३८१७ | ९७०९४०० | १०५५२८९८२ | ११११५८९०७ | १८२९५१३ |
| कृषि सहकारी संस्था लि. | १७ | १०२१९ | २६२९९५०० | २१३७३०९७१ | २३०४३२४१८ | १८४५८७८८ |
| अन्य सहकारी | ३ | ६८६ | ७७०१०० | १११८२४१६ | १२६७७४४१० | १०९५६३१ |
| **जम्माः** | ३७ | ९३८६२ | ३९४३९४५५० | ३४७९०६६१६२ | २१८९२४२५१३ | ३३७७५७४५ |

बेरूजु दफा ५९ सँग सम्बन्धित विवरण - अनुसूची -८

| क्र.स. | स्वीकृत पद | दरबन्दी संख्या | पदपूर्ति | | | रिक्त संख्या |
|---|---|---|---|---|---|---|
| | | | स्थायी | करार | ज्यालादारी | |
| १ | प्रमुख प्रशासकीय अधिकृत | १ | १ | - | - | - |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | इन्जिनियर | २ | ० | १ | - | १ |
| ३ | अधिकृत शिक्षा | १ | १ | - | - | - |
| ४ | अधिकृत प्रशासन | ३ | १ | - | - | २ |
| ५ | अधिकृत लेखा | १ | - | - | - | १ |
| ६ | कम्प्युटर इन्जिनियर | १ | - | १ | - | - |
| ७ | कृषि अधिकृत | १ | - | - | - | १ |
| ८ | अधिकृत पशु(ला.पो.डे.टे) | १ | - | - | - | १ |
| ९ | पशु अधिकृत(भेट) | १ | १ | - | - | - |
| 10 | आ.ले.प. | १ | - | - | - | १ |
| ११ | सहायक पाँचौ | ९ | ५ | - | - | ४ |
| १२ | कम्प्युटर अपरेटर | २ | - | १ | - | १ |
| १३ | लेखा सहायक | १ | १ | - | - | - |
| १४ | प्रा.श.(शिक्षा) | १ | १ | - | - | - |
| १५ | प्रा.श.(कृषि) | १ | १ | - | - | - |
| १६ | पशु स्वास्थ्य प्राविधिक | १ | १ | - | - | - |
| १७ | पशु सेवा प्राविधिक | १ | १ | - | - | - |
| १८ | वातावरण निरिक्षक | १ | - | - | - | १ |
| १९ | सहायक पाँचौ(कानून) | १ | - | १ | - | |
| २० | खा.पा.स.टे | १ | १ | - | - | - |
| २१ | अ.सव.ई | ५ | ५ | - | - | - |
| २२ | स.म.बि.नि | १ | - | - | - | १ |
| २३ | सब-इ | ४ | ३ | १ | - | - |
| २४ | हे.अ./सि.अ.हे.ब | ६ | ५ | १ | - | - |
| २५ | अ.हे.ब. | १५ | १० | ५ | - | - |
| २६ | अ.न.मी/सि.अ.न.मी | २० | १० | १० | - | - |
| २७ | अ.मि.न | १ | - | १ | - | - |
| २८ | सहायक चौथो | ५ | | - | - | ५ |
| २९ | सहायक कम्युटर अपरेटर | ८ | - | ८ | - | - |
| ३० | ना.प्रा.स. | ८ | - | ५ | - | ३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३१ | पशु स्वास्थ्य/सेवा प्राविधिक | ८ | - | २ | - | ६ |
| ३२ | ह.स.चा | २ | - | २ | - | - |
| ३३ | ह.स.चा. | २ | - | - | | २ |
| ३४ | पाले | ३ | - | २ | - | १ |
| ३५ | का.स. | २७ | ६ | २१ | - | - |
| **जम्मा** | | **१४७** | **५४** | **६२** | | **३१** |

बेरूजु दफा ७४ सँग सम्बन्धित विवरण - अनुसूची -९

| **सि. नं** | **विद्यालयको नाम** | **शिक्षक दरबन्दी संख्या** | **पदपूर्ति संख्या** | **विद्यार्थी संख्या** | **शिक्षक विद्यार्थी अनुपात** |
|---|---|---|---|---|---|
| १ | सेतीदेवी प्रा.वि. | ४ | ४ | १४ | ७ |
| २ | विष्णु मा. वि. | १५ | १५ | २५५ | २१ |
| ३ | हिमालय प्रा. वि. | ५ | ५ | ३३ | ११ |
| ४ | जनज्योती मा. वि. | १९ | १९ | २६२ | १७ |
| ५ | कैलेश्वर प्रा. वि. | ७ | ७ | ७१ | १४ |
| ६ | गौरीशंकर प्रा. वि. | ६ | ६ | ५४ | ११ |
| ७ | कालिढुङ्गा मा. वि. | २२ | २२ | २८१ | १५ |
| ८ | कालिदेवी आ. वि. | ६ | ६ | ७६ | १९ |
| ९ | जनसर्वदान प्रा. वि. | ४ | ४ | २३ | १२ |
| १० | जनश्रमिक प्रा. वि. | २ | २ | १० | ५ |
| ११ | वालविद्याश्रम प्रा. वि. | ४ | ४ | १६ | ८ |
| १२ | हनुमन्तेश्वर मा. वि. | ३८ | ३८ | ९०६ | २६ |
| १३ | जलदेवी मा. वि. | १७ | १७ | २२४ | १६ |
| १४ | नेत्रज्योती प्रा. वि. | ५ | ५ | ४८ | १६ |
| १५ | वैतेश्वर मा. वि. | २३ | २३ | ३०४ | १५ |
| १६ | जलपादेवी आ. वि. | ८ | ८ | ९० | १५ |
| १७ | बुस्ती आ. वि. | ८ | ८ | ८० | १३ |
| १८ | घिमिरेटार प्रा. वि. | ३ | ३ | ४३ | १४ |
| १९ | कालिका मा. वि. | १५ | १५ | २१९ | १८ |

| | | | | | |
|---|---|---|---|---|---|
| २० | खकालेश्वरी प्रा. वि. | ४ | ४ | ३१ | १६ |
| २१ | गौरीशंकर प्रा. वि. | ५ | ५ | ५६ | १९ |
| २२ | हनुमन्तेश्वर प्रा. वि. | २ | २ | २० | १० |
| २३ | यार्सा प्रा. वि. | ५ | ५ | ३७ | १२ |
| २४ | ढुङ्गेकालिका बा. वि. के | १ | १ | ६ | ६ |
| २५ | कालिदेवी बा. वि. के | १ | १ | ९ | ९ |
| २६ | क्षत्रवती मा. वि. | २६ | २६ | ३६८ | १६ |
| २७ | धर्मशाला आ.वि. | ७ | ७ | ६१ | १२ |
| २८ | यबो प्रा. वि. | ४ | ४ | १७ | ९ |
| | जम्मा | २६६ | २६६ | ३६१४ | ३८२ |

बेरूजु दफा ७५ सँग सम्बन्धित विवरण - अनुसूची -१०

| सि. नं. | बजेट विवरण | बजेट रकम | खर्च रकम | विद्यार्थी संख्या | प्रति विद्यार्थी लागत रकम |
|---|---|---|---|---|---|
| १ | शिक्षा क्षेत्रको कुल बजेट (शिक्षक तलब/भत्ता सहित) | ८९६० | ८९६० | ३५९९ | २४९० |
| २ | पाठ्यपुस्तक अनुदान | २५५४ | २२५९ | ३५९९ | ६२८ |
| ३ | दिवा खाजा | ५१११ | ४६३.८९ | १६७३ | २७७ |
| ४ | विद्यालय सञ्चालन तथा व्यवस्थापन | १७७२ | १६५८ | ३५९९ | ४६१ |
| ५ | शैक्षिक पहुच सुनिश्चितता | १००० | १००० | - | - |
| ६ | विद्यालयमा शैक्षिक गुनस्तर सुदृढीकरण | ४९५० | ४९५० | ३५९९ | १३७५ |
| ७ | स्यानिटरि प्याड | ११८५ | ११८५ | १३८१ | ८५८ |
| ८ | कोभिड-१९ शैक्षक क्षति न्युनीकरण | ४०० | ४०० | ३५९९ | १११ |
| ९ | प्रति विद्यार्थी लागत | ३०३५ | २८७५ | ३५९९ | ७९९ |
| १० | छात्रवृत्ति | १०७४ | ६६८ | १३२८ | ५०३ |
| | जम्मा | ३००४१ | २४४१९ | २५९७६ | ७५०२ |

बेरूजु दफा ७९ सँग सम्बन्धित विवरण - अनुसूची -११

| सि. नं | विद्यालयको नाम | शिक्षक दरबन्दीसंख्या | पदपूर्ति संख्या | स्थायी | राहत | करार | रिक्त संख्या |
|---|---|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | सेतीदेवी प्रा.वि. | ४ | ४ | १ | ० | ३ | |
| २ | विष्णु मा. वि. | १५ | १५ | ८ | २ | ५ | |
| ३ | हिमालय प्रा. वि. | ५ | ५ | १ | १ | ३ | |
| ४ | जनज्योती मा. वि. | १९ | १९ | ११ | १ | ७ | |
| ५ | कैलेश्वर प्रा. वि. | ७ | ७ | २ | २ | ३ | |
| ६ | गौरीशंकर प्रा. वि. | ६ | ६ | ३ | ० | ३ | |
| ७ | कालिढुङ्गा मा. वि. | २२ | २२ | १० | ८ | ४ | |
| ८ | कालिदेवी आ. वि. | ६ | ६ | २ | १ | ३ | |
| ९ | जनसर्वदान प्रा. वि. | ४ | ४ | १ | १ | २ | |
| १० | जनश्रमिक प्रा. वि. | २ | २ | ० | ० | २ | |
| ११ | वालविद्याश्रम प्रा.वि. | ४ | ४ | १ | १ | २ | |
| १२ | हनुमन्तेश्वर मा. वि. | ३८ | ३८ | २३ | १ | १४ | |
| १३ | जलदेवी मा. वि. | १७ | १७ | ९ | ३ | ५ | |
| १४ | नेत्रज्योति प्रा. वि. | ५ | ५ | २ | १ | २ | |
| १५ | वैतेश्वर मा. वि. | २३ | २३ | १५ | २ | ६ | |
| १६ | जलपादेवी आ. वि. | ८ | ८ | ५ | १ | २ | |
| १७ | बुस्ती आ. वि. | ८ | ८ | ६ | ० | २ | |
| १८ | घिमिरेटार प्रा. वि. | ३ | ३ | १ | १ | ३ | |
| १९ | कालिका मा. वि. | १५ | १५ | ६ | ४ | ५ | |
| २० | खमालेश्वरी प्रा. वि. | ४ | ४ | २ | ० | २ | |
| २१ | गौरीशंकर प्रा. वि. | ४ | ४ | १ | १ | २ | |
| २२ | हनुमन्तेश्वर प्रा.वि. | २ | २ | ० | ० | २ | |
| २३ | यार्सा प्रा. वि. | ५ | ५ | २ | १ | २ | |
| २४ | ढुङ्गेकालिका वा. वि.के | १ | १ | ० | ० | १ | |
| २५ | कालिदेवी वा. वि. के | १ | १ | ० | ० | १ | |
| २६ | क्षत्रवती मा. वि. | २६ | २६ | ११ | ६ | ९ | |
| २७ | धर्माशाला आ.वि. | ७ | ७ | ३ | १ | ३ | |
| २८ | यवो प्रा. वि. | ४ | ४ | २ | ० | २ | |
| | | २६५ | २६५ | १२८ | ३९ | १०० | |

उक्त विवरण अनुसार पालिकामा जम्मा दरबन्दी रहेकोमा १२८ जना स्थायी पदपूर्ति र १३९ जना राहत/करारमा नियुक्त गरी जम्मा २६५ पदपूर्ति गरेको देखिन्छ। । पालिकाले विद्यालय संख्याका आधारमा सृजना गरेका पदहरुमा स्थायी पदपूर्ति गरी सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा सुधार गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।